म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक २१४ शनिबार ४ फागुन २०७९ ने. सं. ११४३ चिल्लागा 18 March 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## राहत शिक्षक समिति अध्यक्षमा पाठक

हेटौंडा, ३ चैत/राहत शिक्षक समिति मनहरी गाउँपालिकाको भेलाले नयाँ कार्यसमिति निर्माण गरेको छ । शुक्रबार राष्ट्रिय रोटरी माविमा भएको भेलाले पशुपति पाठकको अध्यक्षतामा १७ सदस्यीय नयाँ कार्यसमिति गठन भएको हो ।

नयाँ कार्यसमिति निर्माण बैठकमा नेपाल राहत शिक्षक समिती जिल्ला समिती मकवानपुरका अध्यक्ष जीवन तिमिल्सिनाको प्रमुख आतिथ्यतामा रहेको थियो । अध्यक्ष पाठक सहितको समितिको उपाध्यक्षमा नारायण गिरी चयन हुँदा महिला उपाध्यक्ष राधिका पौडेल भएकी छन् । सचिवमा बाबुराज मुक्तान, सहसचिवमा मायादेवी गोपाली, कोषाध्यक्षमा पार्वती रेग्मी रहेका छन् । नेपाल राहत शिक्षक समिति मकवानपुरका अध्यक्ष तिमल्सितको प्रमुख आतिथ्यता रहेको कार्यक्रममा सुर्यबहादुर मुक्तान, सुशील गौतम, बिदुर थापा, लालु रुम्बा, साधुराम रिजाललगायतको आतिथ्यता रहेको कार्यक्रममा राहत शिक्षक समिति मनहरी गाउँपालिका संयोजक गोविन्दप्रसाद पौडेलको सभाध्यक्षता थियो ।

# मकवानपुर क्याम्पसमा स्ववियु निर्वाचन नरोकिने

साझाकुरा संवाददाता




हेटौंडा, ३ चैत/नेपाली कांग्रेस निकट नेपाल विद्यार्थी संघ मकवानपुरको आन्तरिक विवाद अदालतसम्म पुगेपछि स्ववियु निर्वाचन रोकिन्छ वा रोकिँदैन ? भन्ने आमविद्यार्थीको कौतुहलता हटेको छ ।

शुक्रबार उच्च अदालत पाटन हेटौंडा इजलाशले मकवानपुर बहुमुखी क्याम्पसमा ५ चैतमा हुने स्ववियुको निर्धारित निर्वाचन प्रक्रियालाई अवरुद्ध हुने गरी निवेदन माग बमोजिम अन्तरिम आदेश जारी गर्न नमिल्ने परमादेश जारी भएपछि विद्यार्थीको कौतुहलता मेटिएको हो । न्यायाधीशद्वय अब्दुल अजिज मुसलमान र मेरिना श्रेष्ठको संयुक्त इजलाशले स्ववियु निर्वाचन रोक्ने गरी अन्तरिम आदेश दिन नमिल्ने उत्प्रेषणयुक्त परमादेश जारी गरेको हो । नेविसंघ मकवानपुरभित्र दुईवटा समूह बनेपछि मकवानपुर बहुमुखी क्याम्पसमा निर्वाचनको आधिकारिकतासम्बन्धी उत्पन्न विवाद अदालतसम्म पुगेको हो ।

नेविसंघमा कांग्रेस पार्टी जिल्ला समितिले बनाएको सुवास सापकोटा समूह र नेविसंघको केन्द्रीय अध्यक्ष दुजाङ शेर्पाले ३ महिनाभित्र जिल्ला अधिवेशन गर्ने उद्देश्यले अध्यक्ष तोकेका भिषण ठकुरीको समूह छ । स्ववियु निर्वाचनमा यी दुवै समूहले आधिकारिकता पाउन लडाईं लडेका थिए । २८ फागुनमा क्याम्पसको स्ववियु निर्वाचन समितिले सापकोटा पक्षलाई आधिकारिकता प्रदान गरेपछि ठकुरी पक्षले तीव्र बिरोध गरेको थियो । ठकुरीको समूहले निर्वाचन समितिले पूर्वाग्रही ढंगबाट सापकोटा समूहलाई आधिकारिकता मानेको आरोप लगाउँदै मकवानपुर बहुमुखी क्याम्पसमा तोडफोड र टायर बालेर आन्दोलन गरेका थिए ।

क्याम्पसको निर्वाचन समितिले ठकुरी पक्षलाई २८ फागुन ५ बजेभित्र स्वतन्त्र उम्मेदवारी दिन सक्ने सुविधा पनि दिएको थियो । तर, ठकुरी पक्षबाट आकाश भट्टराईले क्याम्पसलाई विपक्षी बनाई उच्च अदालत पाटनमा आधिकारिता सम्बन्धी विवाद निरुपण नहुन्जेलसम्म मकवानपुर बहुमुखी क्याम्पसमा निर्वाचन रोक्न अन्तरिम आदेश माग गर्दै रिट दायर गरेका थिए । रिटउपर अधिवक्ताहरुको बहस सुनेपछि न्यायाधीशद्वय मुसलमान र श्रेष्ठको संयुक्त इजलाशले निवेदकले उठाएको आधिकारिता सम्बन्धी विवाद तथा विधानको व्याख्यालगायतको प्रश्नमा प्रस्तुत निवेदनको अन्तिम फैसला हुँदाको बखत न्याय निरुपण हुने भन्दै निर्वाचन अवरुद्ध हुने गरी अन्तरिम आदेश जारी गर्न नमिल्ने परमादेश जारी भएको अधिवक्ता मदनकुमार दाहालले जानकारी दिए ।

ठकुरी पक्षले पार्टी र संगठनको विधानमा पार्टी कमिटीमा रहेका व्यक्ति नेविसंघको अध्यक्ष हुन नमिल्ने, सापकोटालाई चयन गर्ने अधिवेशन विधिसम्मत नभएको लगायतका मुद्दा उठाउँदै आएको छ । निवेदकका तर्फबाट बहस गर्ने अधिवक्ताहरुले पनि सापकोटा पार्टीको सभापति रहेको र विधानअनुसार संगठनको अध्यक्ष हुन नमिल्ने तर्क राखेको अधिवक्ता कृष्णप्रसाद अर्यालले बताए । सापकोटा मकवानपुरगढीको ४ नम्बर वडाको पार्टी सभापति हुन् । यता, अदालतले सापकोटाले निर्वाचनका लागि संगठन दर्ता गराएको प्राप्त निर्वाचन सम्बन्धी फाइल र मिसिल संलग्न मकवानपुर बहुमुखी क्याम्पसको निर्वाचन समितिको २८ गतेको निर्णयबाट देखिन आएको जनाएको छ ।

'त्रिभुवन विश्वविद्यालय स्वतन्त्र विद्यार्थी युनियन निर्वाचन सम्बन्धी निर्देशिका २०७९ को दफा ७(१) मा तोकिएको समयभित्र संघ/संगठन दर्ता नगराएमा मान्यता नपाउने उल्लेख भई मिति २०७९।११।१९ पछि मात्र निवेदकहरुले नेपाल विद्यार्थी संघको केन्द्रिय कार्यालयको पत्र प्राप्त गरेको र सो बमोजिम आफ्नो संघ संगठन दर्ता गराएको नदेखिएको' पदरमादेशमा उल्लेख छ । संघका केन्द्रीय अध्यक्ष शेर्पाले ठकुरीलाई १९ फागुनमा मात्रै अध्यक्ष तोकेका थिए । सापकोटालाई भने पार्टी जिल्ला समितिले करिब एक महिना अघि नै अध्यक्ष बनाएको थियो ।

निवेदककातर्फबाट वरिष्ठ अधिवक्ता गणेशप्रसाद दाहाल, कृष्णप्रसाद अर्याल, अज्मीर केसी, चन्द्रप्रसाद पौडेल, शिवप्रसाद बन्जारा, मनप्रसाद भट्टराई, राधाकृष्ण मैनाली र विसम अधिकारीले बहस गरेका थिए । विपक्षीकातर्फबाट अधिवक्ताहरु मदनकुमार दाहाल, अमृतकुमार लामा, मुकुन्दप्रसाद अधिकारी र रमा चौलागाईले बहस गरेका थिए ।

यसैगरी, लामो समयको पर्खाइपछि ५ चैतमा हुन लागेको स्ववियु निर्वाचनको मुखमै नेपाली कांग्रेसनिकट नेपाल विद्यार्थी संघ ( नेविसंघ) मकवानपुरमा आन्तरिक कलह मच्चिँदा निर्वाचनमै असर पुग्ने देखिएको छ । स्ववियु निर्वाचनको संघारमा नेपाली कांग्रेसनिकट नेविसंघ मकवानपुरमा दुई धार बनेपछि विद्यार्थीहरू अन्योलमा परेका छन् । नेविसंघको विवादले पार्टी जिल्ला समिति र नेविसंघ केन्द्रबीच राजनीतिक संघर्षसमेत चलेको थियो । ठकुरीलाई अध्यक्ष तोक्ने नेविसंघका अध्यक्ष शेर्पाविरुद्ध पार्टी समितिले शेर बहादुर देउवालाई पत्र लेख्दै बर्खास्त गर्नुपर्नेसम्मको माग राखेको थियो ।

शेर्पाले भने कांग्रेस जिल्ला समितिलाई बोधार्थ दिँदै नेविसंघ मकवानपुरमा अध्यक्ष पद रिक्त रहेको र ३२ वर्ष उमेर हद म्याद आकर्षित भएको भन्दै ठकुरीलाई अध्यक्षको जिम्मेवारी दिएको पत्र पठाएका थिए । त्यसको जवाफमा पार्टी मवानपुरका सभापति बुद्ध लामाले सभापति देउवालाई पठाएको पत्रमा कांग्रेस मकवानपुरले सर्वसम्मत सिफारिस गरेको नेविसंघ मकवानपुरका अध्यक्ष सापकोटालाई बर्खिलाप गरी स्ववियु चुनावमा नेविसंघलाई असफल बनाउने भूमिका साथ नेविसंघ साधारण सदस्यसमेत नरहेका व्यक्तिलाई अध्यक्ष बनाइएको भन्दै त्यसतर्फ कांग्रेस मकवानपुरको गम्भीर ध्यानाकर्षण भएको जनाएको थियो ।

# मकवानपुरका किसान सडकमा उत्रने चेतावनी

साझाकुरा संवाददाता



हेटौंडा, ३ चैत/नेपाल सरकारले रासायनिक मलमा दिदै आएको अनुदान कटौती गर्ने निर्णय गरेपछि किसनहरु रुष्ट बनेका छन् । सरकारको निर्णय अनुरसार किसानले १४ रुपैयाँमा खरिद गर्दै आएको युरिया मलको मूल्य अब २५ रुपैयाँ पुगेको छ । यसैगरी ४३ रुपैयाँ पर्ने डिएपी ५० रुपैयाँ र ३१ रुपैयाँ पर्ने पोटास ४० रुपैयाँ पुगेका छ ।

सरकारको यो निर्णयप्रति सर्बत्र आलोचना मात्र भएको छैन कि कृषि पेशा गर्ने सबैलाई निराश बनाएको छ । समयमा मल बीउबिजन नपाएकै कारण कृषिपेशा संकटमा पर्दै गएको अवस्थामा र रासायनिक मलको मूल्यबृद्धिले थप समस्या सृजना भएको छ ।

सरकाको यो निर्णयप्रति अखिल नेपाल किसान माहासंघ, मकवानपुरको गम्भीर ध्यानाकर्षण भएको जनाएको छ । शुक्रबार प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई मकवानपुरका प्रमुख जिल्ला अधिकारी राजेन्द्रदेव पाण्डेमार्फत ज्ञापन पत्र बुझाउँदै किसान महासंघले आन्दोलनमा उत्रिने चेतावनी दिएको हो । महासंघ मकवानपुरका अध्यक्ष विष्णुप्रसाद दंगाल , महासंघ इन्चार्ज हरिप्रसाद कंडेलले प्रजिअ पाण्डेमार्फत प्रधानमन्त्रीलाई ज्ञापन पत्र दिएका हुन् । मलमा भएको यसप्रकारको अनुदान कटौतीको निर्णयले कृषि उत्पादन लागत बढ्न गई कृषि उपजको मूल्य भारीमात्रामा बृद्धि हुनेछ । यसको सीधा प्रभाव उपभोक्तामा पर्नेछ । खेतीको समयमा मलको अभाव खेपिरहेको किसानलाई अझ थप समस्यामा धकेल्ने गरी आएको अनुदान कटौतीको यो निर्णयले कृषि पेशालाई थप निरुत्साहित गरेको महासंघले जनाएको छ ।

परिमाणस्वरुप मुलुकमा उत्पादन घट्न गई खाद्य सुरक्षामा जोखिम बढेको छ । अहिले रासायनिक मलको अन्तराष्ट्रिय मूल्य युरियाको प्रतिमेट्रिक टन ५०२, डिएपी ८३२, पोटास ७३७ अमेरीकी डलर छ यस अघि रासायनिक मलको अन्तराष्ट्रिय मूल्य युरिया १२००, डिएपी १३०० र पोटास ९०० अमेरीकी डलर थियो ।

यस हिसाबले रासायनिक मलको अन्तराष्ट्रिय मूल्य करिव आधा घटेकोले दुई अर्ब ४३ करोड रुपैयाँ कृषि सामग्री कम्पनीलाई फाइदा भएको महासंघले जारी गरेको बिज्ञप्तीमा भनिएको छ ।

सरकारको यस निर्णयले देशका ६०% किसान, समग्र कृषि क्षेत्र र आम उपभोक्तामा गम्भिर असर परेको महासंघको ठहर छ । किसानलाई प्रोत्साहन तथा संरक्षण गर्ने कार्याक्रम ल्याउनुको सट्टा उनीहरुलाई थप मार पर्नेगरी आएको सरकारको निर्णयप्रति महासंघले खेद प्रकट गर्दै बिज्ञप्ती जारी गरेको छ ।

कृषिक्षेत्रमा दिइदै आएको अनुदान कटौती गर्ने असम्वेदनशील निर्णय अविलम्ब फिर्ता लिन नेपाल सरकारसँग महासंघले जोडदार माग गरेको छ । मागलाई यथाशीघ्र सम्बोधन नगरे देशभरका किसान सडकमा उत्रन बाध्य हुने चेतावनी दिइएको छ ।

# अल नेपाल नोभिस बक्सिङको आज फाइनल

साझाकुरा संवाददाता



हेटौंडा, ३ चैत/हेटौंडामा जारी अल नेपाल नोभिस बक्सिङ प्रतियोगितामा आज शनिवार फाइनल खेल हुँदैछ । फाइनलमा १६ वता तौल समूहमा खेलाडीहरुले प्रतिस्पर्धा गर्दैछन् ।

मकवानपुर जिल्ला बक्सिङ संघको आयोजनामा भएको प्रतियोगिताअन्तर्गत् शुक्रबार सबै तौल समूहको फाइनल पुग्ने खेलाडीको टुंगो लागेको थियो । पुरुषतर्फ ४८ केजीमा विश्वास बुढामगर र सञ्जय लामा, ५१ केजीमा प्रविण लिम्बु र प्रवल उप्रेती, ५४ केजीमा विवेक देवकोटा र जीवन महराले स्वर्ण पदकका लागि भिड्ने छन् । पुरुषतर्फ ५७ केजीमा आयुष श्रेष्ठ र आयुष थापा, ६० केजीमा निराजन मुक्तान र सौरव राई, ६३ केजीमा प्रज्ज्वल श्रेष्ठ र सोहल राई, ६७ केजीमा आभाष साह र लाक्पा शेर्पा, ७१ केजीमा निमादोर्जे तामाङ र प्रवेश बस्नेत तथा ७५ केजी तौल समूहमा दर्शन घर्तीमगर र आयुष श्रेष्ठले फाइनलमा प्रतिस्पर्धा गर्नेछन् ।

महिलातर्फका सातवटा तौल समूहको अन्तिम दुईमा पुग्नेको टुंगो लागेको छ । महिलातर्फ ४८ केजीमा निर्मला आदी, ५० केजीमा झुम्मा भट्ट युजेन शर्मा, ५२ केजीमा मधिका अधिकारी र भावना भण्डारी, ५२ केजीमा प्रतिका शर्मा र आङ्गी शेर्पा, ५७ केजीमा सोनु कपाली र बबिता क्षेत्री तथा ६६ केजीमा निशिका गुरुङ र सहिस्ना विष्टबीच स्वर्ण पदकका लागि प्रतिस्पर्धा हुनेछ ।

प्रतियोगितामा २३ जिल्लाका ३७ वटा क्लबका १ सय ५० पुरुष र २८ जना महिला गरी १ सय ७८ जना खेलाडी सहभागी छन् । प्रतियोगितामा १७ देखि २१ वर्ष उमेर सम्मका खेलाडी सहभागी थिए । पुरुषतर्फ ९ तौल समूहमा प्रतिस्पर्धा भएको थियो । विधागत प्रथम, द्वितीय र तृतीय हुने खेलाडीले क्रमशः १० हजार, ५ हजार र ३ हजार रुपैयाँ सहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् । उत्कृष्ट प्रशिक्षक, उत्कृष्ट महिला र पुरुष खेलाडी, टिम, रेफ्री र लुजरलाई समेत नगद ३ हजार रुपैयाँसहित प्रमाणपत्र प्रदान गरिने आयोजक बक्सिङ संघका अध्यक्ष दिपेश जोशीले जानकारी दिए ।

## घर भाडामा

हेटौंडाको सिँचाईटोल बुद्धमार्गमा रहेको ३५-४० जना अट्ने, २ फ्ल्याट दुई वटा तला, १२ कोठा एटेज बाथरुम, गाडी पार्किङ्, मिटिङ हल सहितको अफिस तथा किराना स्टोरको लागि उपयुक्त घर भाडामा रहेकोले इच्छुक महानुभावहरुले तुरुन्त सम्पर्क गर्नुहोला ।

**सम्पर्क नं. : ९८२७२५९८०६**

## सम्पूर्ण ब्राण्डका गाडी

### एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**

हेटौंडा, चौकीटोल,

सम्पर्क नं.: ०५७-५९०३३३



यस पृष्ठमा प्रकाशित साहित्य बाहेकका सामग्रीहरु विभिन्न वेभसाइट, सामाजिक सञ्जाल तथा एजेन्सीहरुबाट साभार गरिएका हुन् ।

facebook twitter Google **विज्ञान/प्रविधि**

### च्याट जीपीटीको प्रभाव :

# अब जिमेलमा पनि आर्टिफिसिय इन्टेलिजेन्स फिचर



आर्टिफिसियल इन्टेलिजेन्स प्रविधिको दौड दिनानुदिन तीव्र बनिरहेको छ । हालै बिंग सर्च इन्जिनलाई ऋजबतन्एत सँगै लञ्च गरेर माइक्रोसफ्टले सर्च इन्जिन गुगलको वर्षौंदेखिको साम्राज्यलाई चुनौती दियो । त्योसँगै यस्तो लागिरहेको थियो कि सर्च इन्जिनको क्षेत्रमा माइक्रोसफ्टले बाजी मारेको छ । तर गुगलले आफ्नो नम्बर वानको ताज सजिलै नछाड्ने देखिएको छ ।

गुगलले आफ्नो विभिन्न वर्कस्पेस एपहरुमा आर्टिफिसियल इन्टेलिजेन्स फिचर्स जोडेको छ । अर्थात् अब Google Docs, Gmail, Google Sheets, Google Slides जस्ता प्लाटफर्ममा आर्टिफिसियल इन्टेलिजेन्स फिचर्स उपलब्ध हुनेछन् । एक ब्लगमार्फत् गुगलले उक्त जानकारी गराएको हो । गुगलले यसअघि आफ्नो आर्टिफिसियल इन्टेलिजेन्स च्याटबट न्ययनभि द्यबचम घोषणा गरेको थियो ।

**गुगलको नयाँ अपडेट**

ब्लग पोस्टमा गुगलले विगत करिब २५ वर्षदेखि आफूले आम प्रयोगकर्ताको सहयोगका लागि विभिन्न प्रडक्टहरू तयार गरिरहेको उल्लेख गरेको छ ।

गुगलले सर्च इन्जिनदेखि म्यापसम्मका सर्भिस उपलब्ध गराएको छ । पछिल्लो समयमा आर्टिफिसियल इन्टेलिजेन्सले प्रविधिका सबै क्षेत्रमा एउटा नयाँ तीव्रता ल्याइदिएको परिप्रेक्ष्यमा गुगलले पनि त्यसलाई अबलम्बन गरेको हो ।

आफ्ना विभिन्न सर्भिसहरुमा यसअघि नै आर्टिफिसियल इन्टेलिजेन्सले प्रयोगकर्तालाई सहयोग गरिरहेको गुगलले उल्लेख गरेको छ । उसका अनुसार जिमेलमा स्मार्ट कम्पोजर होस् वा स्मार्ट रिप्लाई होस् अनि गुगल डक्समा क्फ़बचथ होस् वा कुनै मिटिङलाई प्रोफेसनल बनाउने काममा होस् आर्टिफिसियल इन्टेलिजेन्सले प्रयोगकर्तालाई सहयोग गरिरहेको छ ।

ब्लग पोस्टमा गुगलले भनेको छ - हामी workspace प्रयोगकर्ताका लागि आर्टिफिसियल इन्टेलिजेन्स क्षमता थप्दै छौं जसको उपयोगबाट प्रयोगकर्ताले create, connect तथा collaboration को क्षेत्रमा यसअघि कहिल्यै पनि प्राप्त गर्न नसकेको अनुभव महसुस गर्नेछन् ।

सबैभन्दा पहिले गुगलले गुगल डक्स तथा जिमेलमा आर्टिफिसियल इन्टेलिजेन्समा आधारित लेखन फिचर थप गरेको छ । यद्यपि यो फिचर अहिले नै सबै प्रयोगकर्ताका लागि उपलब्ध छैन । यसलाई केही निश्चित प्रयोगकर्ताका लागि परीक्षणका लागि सुरु गरिएको छ । हालका लागि यो अंग्रेजी भाषा तथा अमेरिकी प्रयोगकर्ताका लागि मात्र उपलब्ध हुनेछ । जसबाट पृष्ठपोषण लिएर सुधार गरी सबै आम प्रयोगकर्ताका लागि सो फिचर उपलब्ध गराउने गुगलको योजना छ ।

**यो फिचरले कसरी काम गर्दछ ?**

मानौं तपाईं जिमेल वा गुगल डक्स प्रयोग गरिरहनु भएको छ । यदि तपाईंले केही विषयमा लेख्नुछ भने सबैभन्दा पहिले उक्त शीर्षकका बारेमा लेख्न सुरु गर्नु पर्दछ । त्यसपछि सो विषयमा एक मस्यौदा देखा पर्दछ । अब प्रयोगकर्ताले सो ड्राफ्टलाई तानेर त्यसमा आफ्नो तरिकाले सम्पादन गर्न सक्नेछन् । यसले प्रयोगकर्ताको कामलाई सजिलो बनाउनेछ ।

नयाँ आर्टिफिसियल इन्टेलिजेन्स फिचरसँगै जिमेलमा इमेल ड्राफ्ट गर्न, जवाफ फर्काउन तथा इमेललाई प्राथमिकीकरण गर्न सहज हुनेछ ।

त्यस्तै गुगल डक्समा प्रूफ रिड गर्न, लेखन तथा पुनर्लेखन गर्न पनि सजिलो हुनेछ । त्यस्तै कुनै तस्वीरका लागि क्रिएटिभ भिजन लगायतका विभिन्न नयाँ फिचर पनि उपलब्ध हुनेछन् ।

**यौन/जीवनशैली**

# यसरी प्राप्त गर्न सकिन्छ यौन सुख, के छ प्राकक्रिडाको महत्व ?

धेरैजसोले भन्ने गर्छन्, यौनमा सन्तुष्ट पाइएन । कतिले 'सिघ्रस्खलनको समस्या भएको' बताउँछन् । कोहि गुनासो गर्छन्, 'मेरो पार्टनर लाई यौन सम्पर्कमा रुची भएन ।' कसैलाई लिंग सानो भयो भन्ने भ्रम त कसैलाई योनीद्वार खुकुलो भयो भन्ने पीर । दम्पतीको यौन जीवनमा यस्ता अनेकन गुनासोहरु सुनिन्छ ।

भनिन्छ, दम्पतीबीचको कलह शयन कक्षबाट सुरु हुन्छ । यौन असन्तुष्टिले नै पती-पत्नीमा मनमुटाव ल्याउने हो । भ्रम पैदा गर्ने हो । तर अधिकांशले गर्ने भूल के भने, आफ्नो यौन जीवन किन खल्लो हुन्छ भनेर घोत्लिदैनन् । बरु, पार्टनरलाई दोष दिइरहेका हुन्छन् । किनभने समस्याको जरा हामीभित्रै छ ।

यौन शारीरिक क्रिया हो । तर, यसमा हाम्रो भावना, कल्पना जस्ता मानसिक कुराले प्राथमिकता पाउँछ । जुन यौन क्रियामा भावना हुदैन, त्यो बर्बरतापूर्ण सम्बन्धलाई 'यौन हिंसा'को रुपमा लिनुपर्ने हुन्छ । यस किसिमको सम्बन्धले सेक्स एडिक्सनलाई जनाउँछ । खासगरी कामवासनाले ग्रस्त व्यक्तिहरु यस किसिमको प्रवृत्ति हुन्छ । अहिले यौन बिकृति र सेक्स एडिक्सनको संख्या बढ्दै गएको पाइन्छ ।

**वैदिक कालदेखि नै यौनको चर्चा**

यौन क्रिया अनादि कालदेखि चल्दै आएको यस्तो पक्रिया हो, जसले सृष्टिलाई चलायमान बनाइरहेको छ । त्यसैले त हाम्रा ऋषिमुनीहरुले यौनलाई महत्व दिदै त्यसको विधी र प्रक्रियाको बारेमा व्याख्या, विश्लेषण गरेका छन् । महार्षि वात्यासनले कामसुत्रको रचना गरेका थिए, जो विश्वको प्रथम यौन सहिंता हो । यो ग्रन्थको रचना इशाको तृतिय सताब्दीमा भएको विश्वास मानिन्छ । यसले के कुरा पुष्टि गर्छ भने विश्वमा कामसुत्रको बर्चश्व सत्र शताब्दीदेखि छाएको थियो । संसारको कैयौं भाषामा यसको अनुवाद छ । रजनिशलाई यौनको महान व्यख्याता मानिन्छ । उनले यसैको सेरोफेरोमा एक पुस्तक लेखेका थिए, 'सेक्स से समाधी और' । यौनलाई चरम आनन्दको अनुभूत गर्ने माध्यामको रुपमा अर्थ्याएका थिए, रजनिशले ।

**यौन 'छाडा कुरा' होइन**

यौन छाडा कुरा होइन, न बर्जित नै । तर, यसको आफ्नो सीमा र प्रक्रिया छ । यौनलाई त्यती नै ग्रहण गर्नुपर्छ, जति हामीलाई प्रकृतिले दिएको छ । यौनमा अति लिप्त हुनुले विकृत मानसिकताको संकेत गर्छ । यसले यौन हिंसा, बलात्कार जस्ता कुकर्म गर्न उक्साउँछ । यौन त्यसबेला छाडा हुन्छ, जहाँ कसैमाथि बर्बतपूर्वक शारीरिक सम्पर्क गर्ने चेष्टा राखिन्छ ।

यौनको विधी छ, समय छ र स्थान छ । कुन बेला यौन सम्पर्क गर्ने, कहाँ गर्ने, कसरी गर्ने भन्ने कुराको खोज र अभ्यास सदियौंदेखि हुँदै आएको छ । त्यसैले जतिसुकै बेला, जहाँपायो त्यही यौन सम्पर्कका लागि उत्साहित हुनु वा त्यस्तो मानसिकता राख्नु चाहि 'छाडापन' हो । प्रकृतिले समेत यौनका लागि निश्चित समय दिएको छ । चराचर जगत यौनमै अडिएको छ तर, एउटा प्रक्रियाभित्र रहेर । चराचुरुङ्गी, किरा फट्याग्रा, जीवजन्तु नाङ्गै हुन्छन् । तर, जतिबेला पनि उनीहरु यौनमा लिप्त हुँदैनन् । एउटा निश्चित समय आउँछ, जतिबेला उनीहरु यौन क्रियामा सहभागी हुन्छन् । तर, सृष्टिको सर्वश्रेष्ठ प्राणी भएर पनि मान्छे यौनमा अराजक छन् ।

जबकी हाम्रो धर्म, संस्कार आदिले यौनलाई नियमन गर्ने प्रयास गरेको छ । पूजा आजा, तिर्थ, ब्रत, उपवास आदिको माध्यामबाट यौन क्रियालाई सहि बाटोमा डोहोऱ्याउन खोजिएको छ । तर, हामीले यसको मर्मलाई बुझेका छैनौ ।

**यौनमा असन्तुष्टिको कारण के हो ?**

१. जब तपाईले यौनको बारेमा बुझ्नुहुन्न, तपाईको यौन जीवन खल्लो हुन्छ । किनभने यौन शारीरिक क्रिया मात्र होइन । अर्थात लिंग र योनीबीचको घर्षणबाट मात्र यौनआनन्द प्राप्त हुने होइन ।
२. विधी, प्रक्रियागत ढंगले यौन क्रियामा सहभागी नहुदा त्यसबाट यौन आनन्द मिल्दैन ।
३. तनाव, शरीरिक पीडा आदिले यौन सुख मिल्दैन । हतारमा, भयमा गरिने यौन क्रियाको खास अर्थ छैन ।
४. हर्मोनको परिवर्तन, पाटेघरको संक्रमण, यौन रोगको कारण कति महिलाको लागि यौन क्रिया पीडादायी बन्नेगर्छ । यस्तो अवस्थामा पुरुषले आफ्नो मात्र सन्तुष्टिलाई ख्याल गर्नु राम्रो होइन ।

**कसरी प्राप्त गर्ने यौन सुख ?**

यौनमा शारीरिक तथा मानसिक सहभागिता र सक्रियता चाहिन्छ । यसको लागि दुबै पार्टनर तयार हुनुपर्छ ।। यसको लागि निश्चित समय, स्थान पनि उपलब्ध हुनुपर्छ ।

के भनिन्छ भने, दाम्पत्य जीवन त्यसबेला उमंगमय बन्छ, जब पति-पत्नी यौनमा एकअर्काको परिपुरक बन्न सक्छन् । यौन शरीरका पाँचै इन्द्रियले अनुभूत गर्नुपर्छ । योनीको मिलन एवं घर्षण संभोग हो । यसको अन्तिम परिणति चरमोत्तकर्ष एवं स्खलनमा हुन्छ । यौन सुख प्राप्त गर्नका लागि सबैभन्द पहिला त मानसिक र शारीरिक रुपमा दुबै पार्टनर इच्छुक हुनु नै हो । त्यसपछि विधिपूर्वक गरिने यौन क्रियाले सन्तुष्ट दिने बताइन्छ । यौन प्रक्रिया सुरु गर्नुअघि सरसफाई अति आवश्यक हुन्छ । कतिपयले त नुहाइसकेपछि मात्र यौन क्रियामा सहभागी हुन्छन् ।

यौन क्रिया सुरु गर्नुअघि अपनाउने विधी, यौन आसन जस्ता कुराले यौन सन्तुष्ट हासिल गर्न सकिन्छ, जो सदियौदेखि अभ्यास हुँदै आएको छ । सहि किसिमको प्राकक्रिडाले यौन क्रियामा चरम सन्तुष्ट दिलाउँछ । अक्सर पुरुषको तुलनामा महिलाहरुलाई चरम सुखको स्थितीमा पुग्न अलि बढी समय लाग्छ । यौन सुख अर्थात संभोग क्रियाको समयमा चरम सुख प्रँप्त हुनु धेरै आनन्ददायक हुन्छ । यसलाई स्वर्गिय सुख पनि भनिन्छ । जुन सवै मानिले भोग्न चाहन्छ ।

**प्राकक्रिडा**

यौन सम्पर्क वा यौनाङ्गको मिलन हुनुअघि यौन उत्तेजना बढाउन गरिने विभिन्न यौन क्रियाकलापलाई प्राकक्रिडा भनिन्छ । यसलाई अंग्रेजीमा फोर प्ले भनिन्छ । प्राकक्रिडा यस्तो पूर्व तयारी हो, जसले यौन क्रियामा संलग्न हुन दुबै पार्टनरलाई उत्प्रेरित गर्छ । जस्तो रमाइलो वातावरणमा गरिने भोजन, प्रेमवार्ता, शृंगारर सयुक्त ठट्टालाई प्राकक्रिडा भनिन्छ । एकअर्काको नितम्ब, स्तन, ओंठ, तिघ्रा जस्ता संवेदनशिल अंग सुमसुम्याउने, चुम्बन गर्ने प्रक्रिया यसभित्र पर्छन् । यो क्रिया त्यसबेलासम्म जारी राख्नुपर्छ, जबसम्म यौनका लागि दुबै तयार हुदैनन् ।

१. उत्तेजक एवं कामुक देखिने परिहन लगाउने ।
२. यौनसँग सम्बन्धित कुराकानी गर्ने, ठट्यौली गर्ने ।
३. अहिले एकअर्काको मोवाइलबाट सेक्स च्याट पनि गर्न सकिन्छ । यद्यपी कुराकानीपछि त्यसलाई डिलिट गरिहाल्नुपर्छ ।
४. यौनजन्य पुस्तक पढ्ने, चित्र वा फिल्म हेर्ने ।
५. एकअर्काको भित्री बस्त्र खोलिदिने ।
६. बाथटपमा वा वाथरुपमा एकसाथ नुहाउने ।
७. आपसमा संवेदनसिल अंगहरु चलाउने, खेलाउने, चुम्बन गर्ने ।

**केहि तथ्य**

- यौन शक्ति बढाउनका लागि विर्यको शुद्धता, सुक्राणुको बृद्धि हुनुपर्छ ।
- मानसिक तनाव, प्रदूषित वातावरण, कामको बोझ आदिले यौन जीवन फिका बन्दै गएको छ ।
- महिला र पुरुष मिलेर संभोग गर्छन् । तर, उनीहरुले यौनबाट लिने आनन्द र अनुभूति फरक हुन्छ ।
- यौन शारीरिक क्रिया हो तर, यसमा मानसिक उपस्थिती बढी चाहिन्छ ।

**साहित्य**

व्यंग्य

# ल्याङ फ्याङ



✍ शेखर वास्कोटा

बडो प्रेम पूर्वक एक महान गुरुको सत्संगमा जाने र वहाँको प्रवचन स्वर्णपान गर्ने यो सौभाग्य प्राप्त भयो । जे कुराको पनि समय हुँदोरहेछ । गुरुको प्रवचन कयौ समयदेखि सुन्ने इच्छा हुँदा पनि जुर्न सकेको थिएन । सायद गुरुको आशिर्वादले हुनुपर्छ । भनाई दोहोऱ्याएर वहाँसम्म पुग्ने सौभाग्य प्राप्त भयो । धारा प्रवाह वाचन गर्न सक्ने गुरुका अमृत वाणीमा म नतमस्तक थिए ।

धारा प्रवाहका अगाडी कोही काने खुसी गर्न व्यस्त कोही मोवाइलमा मग्न । कसै कसैले बाहिर खोलेका चप्पल जुत्ताका चिन्ता गर्दै थिए । कोहि छोरा छोरी विदेश गएको धाक लगाउँदै थिए । प्रवचन ध्यान केन्द्रीत हुनु पर्ने थियो । तर उपस्थितीका औपचारीकता मात्रै हो की भन्ने भान हुन्थ्यो । गुरु विचविचमा आफूतिर ध्यान केन्द्रीत हुन आग्रह गर्नु हुन्थ्यो । केही समय सामसुम भएपनि केही क्षण पश्चात् आफ्नो आफ्नो औकात आइहाल्थ्यो । यसैविचमा गुरुको कडा प्रवचन आयो । मानिस तिन प्रकारका मात्रै राम्रा हुन्छन् । एक नम्बरमा पर्ने असाध्यै राम्रो मान्छे भनेको मरेको मान्छे हो स्रोता गण गललल हाँसे । मरेको मान्छे कसरी राम्रो हुन्छ ।

मरिसकेपछि जती सुकै कुलङ्गार जड्याहा भएपनि चोर ज्यानमारा भएपनि वलत्कारी जे सुकै होस् साह्रै राम्रो थियो । अर्को राम्रो मान्छे भनेको पेट भित्र भएको मान्छे जो यो धर्तिमा पाइला टेकेको हुँदैन संसार देखैकै हुँदैन, पेट भित्रै छ साह्रै राम्रो छ । अन्त्यमा तेस्रो मान्छे भनेको चिन्दै नचिनेको मान्छे । देख्दै नदेखेको चिन्दै नचिनेको मान्छे असाध्यै राम्रो हुन्छ । गुरु का प्रवचन हरेक दृष्टिकोण बाट हरेक कोण बाट जिवन उपयोगी छन् । हामीले वाहाँ बाट लिएका शिक्षा दिक्षाबाट एक अंश मात्र लिन ग्रहण गर्न सके मात्र पनि जिवन सरल र सहज बनाउन सक्छौ । तर यो एक्काइसौ सताब्दिको कुरकुरे जिन्दगीमा हामी देखावटी रुपमा मात्रै सप्ताह लगाउने पूजा आजा गनै गर्छौं । बडा बडा ढ्वाङ्ग फुकेर दश तिर दश वटा माइक लगाएर खुव धर्माधिकारी बनी टोपल्छौ । यस्ता ढ्वाङ्ग र स्वाङ्गको तात्विक जीवनमा कुनै अर्थ राख्दैन ।

जीवन जिउन यो धर्तीमा आए पछि आफू रहे पनि नरहे पनि गुरु का अमृत बाणी एक अंश मात्रै व्यवाहारमा उर्तान सक्थ्यौ । भने जिवन जिउन सार्थक रहन्छ । यो तेरो यो मेरो अर्कालाई होच्याउने उचाल्ने पछार्ने काट-मार के मानव जिवन को अर्थ यही हो । हामी यस धर्तीमा आएपछि आफू रहेपनि नरहेपनि गुरुका अमृत वाणीलाई एक अंश मात्रै व्यवाहारमा उतार्न सक्थ्यौ । भने जिवन सार्थक रहन्छ । यो तेरो यो मेरो अर्को लाई च्याउने उचाल्ने पछार्ने काट मार गर्ने के मानव जीवन को अर्थ यही हो ?

हामी यस धर्तीको सर्वश्रेष्ठ प्राणी हौ भने हाम्रो आचारण व्यवाहार पनि त्यस्तै हुनु पर्दैन र ? सकिन्छ सपारौ । सकिदैन भने कमसेकम विगार्ने काम पनि नगरौ ।

आखिर रहेछन् श्री कृष्ण एक ।

# संसार थर्काउँने

✍ डा. मेघराज ढकाल

हाम्रो औसत आयुमा छ बढिया अज्ञानका रोगता
पाल्दैछौं त सदा सुशान्त घरमा मान्छे कता हो कता ?
भाग्दा चर्किन गो' स्वदेश भरमा आक्रोश दारुण्यता
फन्दामै परियो तथापि म गरौं सद्‌बुद्धि अङ्कुर्णता ।

पैलेका दिनमा सुपात्र त थिए संसार पहिल्याउँथ्ये
नौलो, सीप, कला र ज्ञान-गुनमै आदर्श फैल्याउँथ्ये
ऐलैका दिनमा कुपात्र त भए मात्वृत्व जो त्याग्दछन्
श्रीसम्पत्ति सबै लगेर घरको यै देश रित्याउँछन् ।

आफ्नै मानिसमा सुधार नहुँदा धोका सबैमा भयो
सीपै-ज्ञान, बढे गलेर त युवा संसार सर्दै गयो
यस्तै चाल रहे त मान, पदवी लिन्छन् यहाँ खै कति ?
हाम्रा गौरव जो त तुच्छ गरियो ठूलै भयो झन् खति ।

भाषा भेष भयो सवैं विविधता सस्कार भिन्दै भयो
मान्छेका बिचमा हुने र नहुने खाल्टो ठूलै त भयो
त्यसैले नहुने कठै ! धनिकमा हातै पसारी गयो
मान्छेमा जड-उग्रता अझ कति ? व्यर्थै शिकारै भयो ।

भावी दु:स्फलबाट बच्न अहिले सोचौं नयाँ दृष्टि नै
थालौं लेख्न नयाँ र काव्य रसिला मागौं त उद्योग नै
सिन्की, छोप, अचार, गुन्द्रुक यतै मान्द्रा र डोका बुनौ
कोक्रा, खाट, दराज भोग्य घरकै उत्कर्ष आफ्नै गरौं ।

झण्डा शान सदा विशाल घरको झुक्दै नझुकोस् कतै
जो छौं यो घरमा निराश नबनी लम्केर हिडौं सधैं
पाखण्डी घरका त भ्रष्टजन यी नैराश्य पारौं सदा
यौनैदास घटोस् उदण्ड मनुवा दण्डै तिरोस् सर्वदा ।

बाँझो फोर्न परे फुटाइ धरको खोजेर सञ्जीवनी
शिक्षा, ज्ञान, लियौं तिखो जगतमै वौंरिन्छ यो जीवनी
बन्ला पाठ सबै अवश्य अहिले आलस्य व्युँत्याउँने
होला ज्ञान सदा सफा फदयले संसार थर्काउँने ।

कथा

# विभीषक प्रेम



✍ हिमाल लिम्बु



जीवन एउटा गतिशील छाया हो। यही छायाका छहारीमा लुकामारी खेल्दै जीवन बिताउनु नै पर्छ । सुख र दु:ख, सफलता र असफलता, प्रेम र घृणा जीवन संघर्षमा जो कोहीले पनि भोग्नै पर्छ । प्रेम र घृणा एक अर्काका विरोधात्मक तथ्यहरू हुन् तथापि एक आपसका अपरिहार्य सत्यहरू हुन्। जसरी दिन र रात, जन्म र मृत्यू एकअर्का बिना अर्थहीन हुन्छन् त्यसरी नै घृणा नहुदा प्रेम र प्रेम नहुदा घृणा सारहीन र मुल्यहीन हुन्छन् । यो त संसारको रित नै हो ।

एस. एल. सि. को परिक्षा नजिकदै थियो । म उर्लाबारीको एउटा इस्टिच्युटमा ट्युसन पढ्न जाने गर्थे । त्यो ट्युसन ग्रुपमा हामी २५ जना विद्यार्थीहरू थियौं । १६ जनाभन्दा बढी केटी विद्यार्थीहरू हाम्रो ग्रुपमा थिए । लाखौं ताराहरू भएको आकाशमा चन्द्रमालाई नै चकोरले चाहे झैं ती विद्यार्थी केटीहरूमध्ये एउटी केटीसँग मेरो विशेष आकर्षण हुनगयो । साँच्चै नै म उनीप्रति आकर्षित भएको थिएँह मोहित भएको थिएँ । यो पृथ्वीका परीहरूमध्ये सबैभन्दा राम्री परी भनेर उनलाई मैले मनमनै घोषणा गरें । उनको सुन्दरतामा खास त्यस्तो जादु नै चाहि के थियो ? आफैलाई प्रश्न गर्थे । सायद सौन्दर्य हेर्ने मान्छेको आँखामा भर पर्छ त्यसैले मेरो दृष्टिमा उनी विश्वसुन्दरी नै थिइन् । ऋषिको तपस्या भंग गर्ने उर्वशी नै थिइन् । सलक्क मिलेको जिउ, मझौलो कद, गोलो अनुहार, चञ्चल नयनहरू, सुडौल परेको नाक, मोतीको हार झैं मिलेका दाँतहरू र ब्वाइकट स्टाइलमा काटिएको छोटो केशराशिले उनलाई सुन्दर देखिने बनाएका थिए । यो पनि तितो सत्य हो, सुन्दर र आकर्षक वस्तुमा नक्कलको आभास हुदोरहेछ । उनी पनि श्रृंगारमा सजिएर हिड्ने गर्दथिइन्, बुझ्दै जादा उनी फेशनएबल स्टाइलिस केटी रहेछिन् । दैनिक ट्युसन पढ्न जादा उनीसँग निकटता र घनिष्ता बढ्दै गयो । त्यही क्रममा मैले थाहा पाए उनलाई साथीहरूले 'भिलेज मोडेल'को उपमा दिदारहेछन् । उनको सुन्दरता मोडलिङका लागि उपयुक्त थियो र उनको स्टाइल पनि । उनको नाम रस्मी थियो ।

उनीप्रतिको मेरो आकर्षण तीव्र भएर बढ्दै गएछ क्यारे ! जब म उनलाई मेरो सामु देख्दथे तब मेरो मनमा सजीव रुपले भावनाहरू तरङ्गित हुन थाल्दथे । यो कुरा कुँडुलो परेर बटारिदै मेरो मनमा भक्कानिएर उठ्ने गर्दथे । मैले आफूलाई आत्मसंयममा राख्ने प्रयास गरें । समालोचनात्मक ढंगले आकर्षण र प्रेम दुई फरकफरक कित्ताका कुराहरू हुन् भन्ने कुरा गहिरिएर सोचें । शारीरिक आकर्षण वासना हो र भावनात्मक संबन्ध प्रेम हो ! हो वा होइन ? म किशोरावस्थाको केटा निर्णयमा कमजोर थिएँ । यसको अनुभूति अन्धो प्रेमले कसरी गर्न सक्छ र ? तर पनि मैले मेरा अनुग्राही उत्कण्ठा र अभिष्टतालाई दबाउने प्रयत्न गरि नै रहें । मान्छेले मान्छेलाई मन पराउनु र माया गर्नु उच्च कोटीको मानवीय गुण नै हो ।

१४ फेब्रुअरी एक अन्तराष्ट्रिय दिन जस्लाई भ्यालेन्टाइन डे अर्थात प्रेम दिवसको रुपमा मनाइने गरिन्छ । इस्वी संवत् २००३ को भ्यालेन्टाइन डे नेपाली विक्रम सम्वत अनुसार २०५९ साल फागुन २ गते परेको थियो । यो भ्यालेन्टाइन दिनको अवसरमा युवा पुस्ता प्रेममय वातावरणमा रमिरहेको थियो । मैले एउटा साथीलाई यो कुरा सुनाएँ कि म रस्मीलाई असाध्यै मन पराउछु तर प्रेम प्रस्ताव राख्न सकेको छैन । त्यो साथीले मलाई भ्यालेन्टाइन डे को अवसर नचुकाउन सुझाव दियो । "मानिसले प्रेम गर्छन् तर अभिव्यक्त गर्न नसकेर जीवनमा भुल गर्छन्' । उसले विलियम शेक्सपियरको महान उक्ति मलाई सुनायो । त्यो भनाइ मेरो प्रेरणाको श्रोत बनेको थियो त्यसबेला । यो कुरा त हाम्रो बिचको वैयक्तिक गोप्य कुराकानी र मजाक मात्र थियो । भनिन्छ भित्ताको पनि कान हुन्छ रे । दुर्भाग्य भनौं वा सौभाग्य मेरो गाउँकै साथी जो त्यो ग्रुपमा ट्युसन पढ्थ्यो उसले हामीबिचको गफ सुनेको थियो । भ्यालेन्टाइन डेको दिनमा त्यो साथीले रस्मीसँग प्रेम प्रस्ताव राख्योह मेरो नाम लिएर । तर उनले 'एस' वा 'नो' भन्न सकिनन् । मलाई यो कुराको कुनै पत्तो थिएन । निर्दाष मन निश्चल र निर्मल हुन्छ । भोलिपल्ट म सधैं झैं निसन्देह पुर्वक ट्युसन पढ्न इस्टिच्युट गएँ । तर उनले म पुग्नु अघि नै मैले उनलाई प्रेम प्रस्ताव राखेको हल्ला सबै साथीहरुलाई सुनाइसकेको थिइन् । उनले किन बेकुफी तरिकाले आफ्नो बदनाम हुने कुराको दुस्प्रचार गरिन् ? उनको उद्धेश्य के थियो ? मैले केही बुझ्न सकिँन । मलाई साथीहरुले हाँसोको पात्र बनाएका थिए । सो कुराको जानकारी मलाई पछि मात्र थाहा भयो । त्यसपछि मलाई ट्युसन पढ्न जान पनि असजिलो महशुस हुन थाल्यो । उनले मेरो प्रस्ताव रिजेक्ट गरेको अफवाह फिजाएकी थिइन् । जब मलाई अस्वीकार गरेको कुरा मेरो कानमा पर्यो तब मैले आफूलाई हिनताबोधले डाउनट्रोडन भएको अनुभूति गर्न थालें । त्यो ट्युसन क्लासमा केटाकेटीहरूले 'हामी त डाइरेक्ट नै, इनडाइरेक्ट होइन' भन्दै म माथि हाँस्यव्यंग्य प्रहार गर्न थाले । ट्युसन पढ्न छोडुँ कि जारी नै राखुँ म असमजस्यमा परें । म आफ्नै प्रश्नको परिबन्दमा परेको थिएँ। मलाई खादै नखाको विषले पोल्दै थियो, बोल्दै नबोलेको बातले मात लाग्दै थियो । मैले उनलाई आफै नै भेटेर कुरा गर्ने निर्णय गरें । ट्युसनको समयावधि पनि समाप्त हुन लागेको थियो । मैले गाउँको त्यो साथीलाई म्यासेज पठाएको थिएँ । 'म उनलाई भेट्न चाहन्छु र कुरा गर्नु छ' भनेर पठाएको जवाफ सकारात्मक पाएको थिएँ । हाम्रो सल्लाह अनुसार म उनलाई भेट्न गएँ । सोमबारका दिन १२ बजेको समय, क्याम्पसको एकान्त प्रांगण स्नग्ध थियो । म उनको पर्खाइमा एक्लै उभिरहको थिएँ । 'साँच्चै म उनलाई मन पराउछु, म उनीसँग फ्रेन्ड हुन चाहन्छु, भ्यालेन्टाइन डेको प्रस्तावलाई हल्ला नबनाउ आदि.... इत्यादि' भावनाका सागर मा डुब्दै म उनको आगमनलाई स्वागत गर्न अडिर हें । मनमा तरंगका लहरहरू उर्लदैओर्लदै रहे । एक तमासले मुटु धड्किरहेको थियो । म मनमा उनी आउने आशामा नयनहरू फिजाएर पर्खिरहें ।

एकाध घन्टापछि तीन जना केटाहरु म भएतर्फ आइरहेको देखें । उनीहरूको हाउभाउ हेर्दा दादागिरी देखाउने कुन्डले ट्यापे जस्ता प्रस्ट चिनिन्थ्यो । मेरो सामुन्नेमा आएपछि उनीहरुले मुक्का र लात बर्साउन थाले ममाथि । न कुनै प्रश्न थियो न कुनै प्रत्युत्तर । म निरुत्तर, र नभुल्लमा परें । तीन जना पहलमानहरूका अगाडि प्रतिवाद गर्न पनि सकिँन । दिमागका गिदीले कलम चलाउन मात्र सिकेको मैले ती कराते र तेक्वान्दो सिकेका बुल्ली ब्वाइजहरुको प्रहार के सहन सक्थें र !

जब मैले आँखा खोलें तब गाढा नील तारामण्डलको भित्तामा फ्यान घुमिरहेको भान भयो । त्यसबेला म अर्धचेतमा थिएँ । आफैँलाई नियाल्दै सोधें 'म स्वर्गमा छु कि नर्कमा ? सपनामा छु कि विपनामा ? घरमा छु कि कहाँ ?' यथार्थमा म हस्पिटलको शय्यामा थिएँ । मलाई ती भाडाका टट्टुहरुले मरणासन्न हुनेगरी पिटेका थिएँ । मैले खुट्याउन सकिँन के अपराध गरको थिएँ मैले ? कसैलाई प्रेम गर्न खोज्दा यस्तो यातना भोग्नु पर्ने ? माया साचै जोखिमपुर्ण हुन्छ ? उनको पनि दोष के नै थियो र । मेरो पनि के दोष ? म एउटा अल्लारे ठिटोह उनी मैरै दौंतरी । एकले अर्कालाई मन पराउनु नाजायज थिएन सायद । माया गर्दैमा सजाय पाउने हो भने घृणाको दुनियामा बसाइँ सरे हुन्छ किनकि यो लोक त मायाको लोक हो मानवताको लोक हो । तर मैले बुझ्न सकिँन त्यो षड्यन्त्र उनैले गराएकी हुन् कि हेइनन्। कि उनलाई मन पराउनेहरूले मलाई प्रतिशोधको लागि आक्रमण गरेका हुन् ? म सधैं अनभिज्ञ नै रहें ।

फूल सुन्दर देखेर भमराले मन पराउदा फूलमा विष छरेर भमरा मार्ने मालीको कुनियत हुन्छ भने विचरा भमराको के कसुर ? भमराले पनि निरस पलासको फूलसँग कदापि फस्ने चेस्टा नगरोस् । सुकोमल फूलले पनि सौरभ भर्ने मुटुमा विष नभरोस्। जस्को निदान कैयौं निर्दोष भमराहरूको जीवन बरबादीतर्फ नधकेलियोस्। विभीषक प्रेमदेखि होसियार, माया गर्नेहरू !

# पारदर्शी भएनन् भन्सार : घोषणा एउटा, आयात अर्कै



काठमाडौं/१२ माघ २०७९ का दिन नेपालगञ्ज भन्सार कार्यालयमा भारतबाट चामल बोकेका तीन वटा कन्टेनर आए । भन्सारमा प्राप्त विवरणमा ती कन्टेनरमा राष्ट्रसंघ अन्तर्गतको विश्व खाद्य कार्यक्रमको अनुदानको चामल ढुवानीको विवरण थियो । विवरण अनुसार, कन्टेनरले ५४०० बोरा चामल बोकेको थियो ।

सामान्यत: अनुदान र दातृ निकायको सहयोगलाई भन्सारका कर्मचारीहरूले खासै चेकजाँच गर्दैनन् । अनलाइनमार्फत गरिएको भन्सार घोषणालाई सदर मानेर यस्ता सामान सरकारी राजस्व र दस्तुर तिरेर छुट्थे । तर, नेपालगञ्ज भन्सार कार्यालय प्रमुख नरबहादुर थापाले राष्ट्रसंघको चामलको भौतिक फाइल पेश गर्न भन्दै जाँचपास रोके ।

कन्टेनरमा ल्याइएको चामलको गुणस्तर प्रमाणित गर्न खाद्य गुणस्तर आयात-निर्यात कार्यालयलाई पनि पत्राचार गरे । जसको प्रतिवेदन पछि खुल्यो बालबालिकालाई दिवा खाजाका लागि ल्याइएको अनुदानको सो चामल गुणस्तरहीन रहेछ । अहिले भान्सारले अखाद्य यो चामल फिर्ता नगरे नष्ट गर्ने भनेर डब्लुएफओ नेपाल कार्यालयलाई ताकेता गरिरहेको छ ।

अर्को उदाहरण पनि छ । २०७९ माघ पहिलो साता पाम नट्स नामक वस्तु बोकेको एउटा कन्टेनर भारतबाट नेपालगञ्ज भन्सार नाकामा आयो । भन्सार कार्यालय प्रमुख थापाले पेश भएको प्रज्ञापन पत्रमाथि आशंका गरे । नेपालमा पामको दाना आयात गरेर प्रशोधन गर्ने उद्योग नभएको सम्बन्धमा जानकार थापाले कन्टेनर खोलेर चेकजाँच गर्न आदेश दिए । जसमा बोरामा रहेका पाम नटस् भनिएका वस्तु सुपारी जस्तो देखियो ।

भन्सार कार्यालयले तत्काल कन्टेनर अनुसन्धान प्रक्रिया अघि बढायो । पाम नट्स भनिएको वस्तुको प्रयोगशाला परीक्षणका लागि भन्सार विभाग पठायो । विभागले गरेको परीक्षणमा ती वस्तु सरकारले आयात प्रतिबन्ध गरेर कोटा प्रणाली लगाएको सुपारी रहेको खुल्यो । भन्सार विभागका महानिर्देशक चक्रबहादुर बुढाका अनुसार यसमा थप अनुसन्धान भइरहेको छ ।

नेपालगञ्ज भन्सार कार्यालय प्रमुख नरबहादुर थापाका अनुसार यस प्रकरणमा विभागबाट पनि छानबिन भइरहेको छ । 'हामीले नमूना पठाएपछि विभागले पनि अनुसन्धान गरिरहेको छ' थापाले भने, 'बोरामा ल्याइएको वस्तु पाम नभएको भेटियो ।'

स्वचालित उच्चस्तरीय प्रविधि र उच्च क्षमतायुक्त प्रणालीबाट भन्सारमा आयात र निर्यात भएका वस्तुको नियमन हुने अभ्यास संसार भर प्रयोग भइरहेको बेला नेपालमा भने परम्परागत रूपमा भन्सार नियमन भइरहेको छ । आशंकाका भरमा दुई फरक समय र फरक व्यवसायीको कन्टेनर खोल्दा देखिएको पछिल्लो कैफियतले नेपालका भन्सार कर्मचारीको विवेकका भरमा मात्रै नियमन भइरहेको देखाउँछ ।

नेपालगञ्ज भन्सार एउटा प्रतिनिधि घटना मात्रै हो । जहाँ कर्मचारी इमानदार भइदिए मात्रै भन्सार नियमन हुने अवस्था रहेको पुष्टि हुन्छ । यसले बजारमा उद्योग छोडेर व्यापारमा निजी क्षेत्रले गरेको मरिहत्ते र भन्सार नियमनमा बसेकाहरूको बढ्दो ठाँट जस्ता विकृतिहरू देख्न सकिन्छ ।

नेपालगञ्ज भन्सार एउटा प्रतिनिधि घटना मात्रै हो । जहाँ कर्मचारी इमानदार भइदिए मात्रै भन्सार नियमन हुने अवस्था रहेको पुष्टि हुन्छ । यसले बजारमा उद्योग छोडेर व्यापारमा निजी क्षेत्रले गरेको मरिहत्ते र भन्सार नियमनमा बसेकाहरूको बढ्दो ठाँट जस्ता विकृतिहरू देख्न सकिन्छ ।

अन्तर्राष्ट्रिय व्यापार नियमन र त्यसको लाभ राज्यको हितमा हुनुपर्नेमा भन्सार केही समूहको लाभको केन्द्र बनिरहेको देखाउँछ । यसले राज्यले ठूलो मात्रामा राजस्व गुमाइरहेको छ भने सीमित कर्मचारी र व्यापारीलाई अनुचित लाभ मिलिरहेको छ भने देशको सुशासन प्रणाली ध्वस्त हुँदैछ । यी सबैको मारमा छन्, सर्वसाधारण जनता ।

माघमा नेपालगञ्ज भित्रिएको कन्टेनरमा पाम नट्स भनिएको वस्तु सुपारी भएको पुष्टि भएपछि हामीले यसअघि पाम नट्सको आयात हुन्थ्यो कि हुन्नथ्यो भनेर भन्सारको तथ्यांक केलायौं । प्रारम्भिक विवरण अनुसार पछिल्लो तीन वर्षमा पाम नट्सका नाममा नेपालमा ७३ हजार ५६० किलो वस्तु आयात भएको देखिन्छ ।

आर्थिक वर्ष २०७८/७९ मा ३८ हजार ८०० किलो यस्तो वस्तु इन्डोनेशियाबाट ल्याइएकोमा आर्थिक वर्ष २०७७-७८ मा ३४ हजार ७६० किलो पाम नट्स भनिएको वस्तु भारतबाट भन्सार विवरणमा रहने गरी नेपाल आएको देखिन्छ । अब प्रश्न उठ्छ कि ती वस्तु पाम नट्स नै थिए त ?

२०७९ साउनमा फेरिएका नेपालगञ्ज भन्सारका कर्मचारी आफैंले कन्टेनर खोलेर हेर्दा भन्सारमा घोषणा गरिएका, सरकारलाई न्यून राजस्व तिरिएको वस्तु यसअघि पनि सोही नाममा नेपाल भित्रिने गरेको देखिन्छ । भलै बितेका तीन वर्षमा कुन नाका भएर ती वस्तु भित्रिएका थिए भन्ने अझै खुलेको छैन ।

नेपालगञ्ज भन्सारका कर्मचारीले आशंकाका भरमा दुई फरक समय र फरक व्यवसायीको कन्टेनर खोल्दा देखिएको पछिल्लो कैफियतले नेपालबाट हुने अन्तर्राष्ट्रिय व्यापारको अपारदर्शी कारोबारलाई देखाउँछ ।

यसअघिका केही घटना केलाउँदा यो तथ्य थप पुष्टि हुन्छ । ४ असार, २०७९ का दिन धादिङको नौबिसेमा काठमाडौंतर्फ आइरहेका दुई ट्रक लुटिए । किसानले बाटो घेरेर ट्रकबाट रासायनिक मल लुटेको विवरण केलाउँदै जाँदा पत्ता लाग्यो यी ट्रक नेपालकै सबैभन्दा ठूलो कारोबार गर्ने वीरगञ्ज भन्सारबाट गहुँ र सिमेन्ट आयात गरेको भनेर छुटेका थिए ।

गहुँ र सिमेन्ट ल्याएको भनेर सरकारलाई राजस्व कर बुझाएको ट्रकमा २७ हजार ५०० (५५० बोरा) किलो रासायनिक मल थियो । मल तस्करी भएको पाइएपछि राजस्व अनुसन्धान विभागले नियन्त्रणमा लिएको ट्रक व्यापारीकै मिलेमतोमा किसानबाट लुटाइएको थियो ।

नेपाली भन्सार प्रणाली कमजोर हुनुको फाइदा भारतीय तरकारी उत्पादकले पाएको र नेपाली किसानको उत्पादनले बजार नपाएको भन्दै चितवनका किसानले २०७७ मंसिर अन्तिम साता, भारतबाट आएको ट्रक नियन्त्रणमा लिएर खानतलासी गरे ।

वीरगञ्ज भन्सारबाट अन्य तरकारी भनेर जाँचपास गरेको ट्रकमा चितवनका किसानले फलाएका गोलभेंडा र भिन्डी, खुर्सानी लगायत तरकारी फेला परेको कृषक लेखनाथ भुसालले बताए । भन्सारले गरेको बेइमानीमा आफूहरूलाई मुद्दा चलेको भन्दै उनले भने, 'अहिले पनि यस्तो भइराख्छ ।' एक देशको भन्सार बिन्दुबाट अर्को देशको भन्सार बिन्दुसम्म सामान आउजाउको सहजीकरण गरेर देशका लागि राजस्व उठाउने निकायबाट यस्तो काम कसरी हुन्छ ?

हामीले यही प्रश्न एकजना पूर्व भन्सार प्रशासकलाई सोध्यौं । आफैंले काम गरेका अड्डाबारे खासै बोल्न मन नगरेका उनले नाम नखुलाउने शर्तमा भने 'भन्सार कर्मचारीका लागि संसार यसै भनिएको होइन' ती प्रशासक थप्छन्, 'भन्सार यस्तो एउटा संरचना हो जहाँ आँखा खोल्दा र आँखा बन्द गर्दा पनि फाइदै हुन्छ ।'

'आँखा खोल्यो खोलेका कारण फाइदा लिई भन्छन्, चिम्म गर्‍यो भने चिम्म गरेका कारण फाइदा पाउँछस् भन्छन्' उनी भन्छन्, 'यस्ता दुवै कुरामा फाइदा लिन नसक्ने कर्मचारी त्यो ठाउँमा टिक्न पनि सक्दैनन् ।'

ती पूर्व प्रशासकले भने, 'भन्सार जाँचपास र वस्तु आयातका सवालमा केही वर्षयता सीमित व्यापारिक ग्रुपको स्वार्थ निर्णायक हुने गरेको छ । यसबाट बुझ्नुस् त्यहाँ कति ठूलो चलखेल होला ।'

कडाइका साथ भन्सार जाँच गरेका प्रशासक लामो समय त्यहाँ नटिकेका उदाहरण धेरै रहेको उनको भनाइ छ । त्रिभुवन विमानस्थल भन्सारमा पुरानो ल्यापटपलाई नयाँ भनेर आयात गर्नेहरू र सुन बोक्न माहिरहरूका कारण छोटो समयमै कार्यालय प्रमुख महेश भट्टराईको सरुवा गरिएको उनले बताए ।

### २१ खर्बको वैदेशिक व्यापार कर्मचारीभरोसामा

गत वर्ष नेपालले २१ खर्ब रुपैयाँ बराबरको वैदेशिक व्यापार गर्‍यो । नेपालको व्यापारको यो आकार हालसम्मकै उच्च मानिन्छ । सरकारको कुल बजेटभन्दा ४ खर्ब हाराहारी बढीको यस्तो व्यापार तथ्यांक यकिन नभई सरकारसँग भएको प्रणालीले देखाएको एउटा विवरण मात्रै भएको जानकारहरू बताउँछन् । चालु आवको माघसम्म १० खर्ब १२ अर्ब रुपैयाँ भन्दा धेरैको अन्तर्राष्ट्रिय व्यापार नेपालले गरेको छ ।

भन्सारमा हुने विकृतिलाई परीक्षण गर्न बनेको राजस्व अनुसन्धान विभागका एक अधिकारीका अनुसार भन्सारमा व्यापारी र कर्मचारीले गर्ने गरी बेइमानीका विभिन्न पक्ष हुन्छन् । व्यापारी स्वयम् गलत ढंगबाट भन्सार सम्म आइपुग्छन् भने अर्को त्यसलाई भन्सार एजेन्ट र कर्मचारीले सहजीकरण गरिदिन्छन् ।

ती अधिकारीका अनुसार, पहिलो बदमासी व्यापारीले गलत वस्तुको घोषणा गर्छन्, दोस्रो चामलको बोरामा चिनी हालेझैं एउटा वस्तु भित्र अर्को वस्तु हाल्छन् अनि तेस्रो वस्तु एउटा भनेर घोषणा गर्छन् ल्याउँछन् अर्कै । यस्तै सस्तो सामान भन्सारबाट छुटाउने र महँगो सामान अन्य कुनै माध्यमबाट छुटेको सामानमा मिसाउँछन् । यस्तै ५ गाडी भित्र्याएर एउटा मात्रै गाडीको भन्सार पास गर्नेसम्मको बेइमानी भन्सारमा हुन्छ । बच्चाको पाइन्टको भन्सार दरमा ठूला मान्छेको पाइन्ट भित्र्याउँछन् ।

अनुभवी एक पूर्व प्रशासकका अनुसार कुनै एक नाम चलेको सुपर मार्केटमा ३ हजार मूल्य तोकिएको बच्चाको दूधदानीको बोत्तलमा सरकारी भन्सार नलागेको हुनसक्छ । २ हजार रुपैयाँ पर्ने एक थान चश्मा भन्सारले नदेखेको हुने अधिक सम्भावना छ ।

जस्तै, ठूलो व्यक्तिको पाइन्टको मूल्यांकन ५० डलर छ यस्तै बच्चाको पाइन्टको १० डलर छ भने व्यापारीले १० डलर भनेर गरेको घोषणालाई भन्सारले स्वीकार गर्छ । यस्तै कच्चा पदार्थ भनेर किलोमा वस्तुको जाँच पास गराउँछन् तर वस्तु गोटा गनेर बेच्छन् । धेरै जसो यस्तो काम बच्चाको खेलौना, घडी, चश्मा र महिलाको कस्मेटिक सामानमा हुने जानकारहरू बताउँछन् ।

अनुभवी एक पूर्व प्रशासकका अनुसार कुनै एक नाम चलेको सुपर मार्केटमा ३ हजार मूल्य तोकिएको बच्चाको दूधदानीको बोत्तलमा सरकारी भन्सार नलागेको हुनसक्छ । २ हजार रुपैयाँ पर्ने एक थान चश्मा भन्सारले नदेखेको हुने अधिक सम्भावना छ ।

भन्सार ऐन २०६४ ले नेपालको भन्सार प्रणालीलाई निर्देशित गर्छ । ऐनले भन्सारमा वस्तु आयात तथा निर्यात गर्ने, जाँचपास बिन्दुसम्म आइपुगेको सामानको भन्सार घोषणा गर्ने, त्यसको जाँच गर्ने र सरकारले तोके अनुसार राजस्व लाग्ने र यो इमानदारी र विश्वासका साथ हुने कुरालाई जोड दिन्छ ।

भन्सार विभागका महानिर्देशक चक्रबहादुर बुढा पनि व्यापारी, भन्सार एजेन्ट र कर्मचारी सबैको विश्वासमा भन्सार चल्ने बताउँछन् । यद्यपि इमानदारी पालना भए/नभएको जाँचका लागि भन्सार विभाग आफैंले केन्द्रीय अनुगमनदेखि सरकारका अन्य निकायले पनि अनुगमन र नियमन गर्ने उनको भनाइ छ ।

अहिले भन्सारमा तीन वटा लेनमा वस्तुको भन्सार घोषणा हुन्छ । सामान्यत: कम जोखिम रहेको वस्तुहरू अथवा थोरै भन्सार रहेका वस्तुहरू ग्रिन जोन, मध्यम खालको राजस्व उठ्ने र जोखिम पनि मध्यम रहेको वस्तु एल्लो लेन र उच्च जोखिममा रहेका वस्तुको रेड जोनमा भन्सार घोषणा हुने गर्दछ ।

रेड जोनमा परेका वस्तुको लागत धेरै पर्ने र सरकारले पाउनुपर्ने राजस्व पनि धेरै हुने विभागको भनाइ छ । ग्रिन जोनमा भन्सार घोषणा भएका वस्तुको कागजात र भौतिक परीक्षण केही पनि नगर्ने विभागले जनाएको छ ।

यस्तै, एल्लो जोनमा भन्सार घोषणा भएको वस्तुको कागजात मात्रै हेरिन्छ भने रेड जोनमा परेको वस्तुको कागजात तथा वस्तुको भौतिक अवस्था नै हेरिने विभागका महानिर्देशक बुढा बताउँछन् ।

समग्रमा व्यवसायीले न्यून तथा अधिक बिजकीकरण नगर्ने, भन्सार एजेन्टले गलत घोषणा नगर्ने र कर्मचारीले जाँच पनि इमानदार भएर गर्ने अन्यथा ५०० प्रतिशतसम्म जरिवाना हुने उनको भनाइ छ । तर, विश्वासको पालना नभए के हुन्छ भन्ने जिज्ञासामा उनले भने 'हामीले केन्द्रीय अनुगमन पनि गरिरहेका हुन्छौं यस्तो अवस्थामा गलत गर्नेलाई कारबाही हुन्छ ।'

### छैन भेहिकल स्क्यानर

भन्सार विभागसँग देशभर भन्सार र छोटी भन्सार गरेर ४१ वटा भन्सार कार्यालय छन् । जसमध्ये २० वटा भन्सार कार्यालयबाट नियमित तथा आंशिक रूपमा अन्तर्राष्ट्रिय व्यापार भइरहन्छ । तर, कुनै पनि नाकामा अहिलेसम्म आयात निर्यातमा प्रयोग हुने गाडीको जाँचपास स्क्यानर मेशिन छैन । स-साना ब्याग र मानिसको जाँच गर्ने मेशिन भए पनि ट्रक र कन्टेनर जाँच गर्ने मेशिन नभएको विभागका महानिर्देशक बुढाले बताए ।

'चीन सरकारले यसअघि दुई वटा मेशिन दिएको रहेछ तर त्यो विद्युत् अभावका कारण त्यतिबेलादेखि नै चलाउन नसकेको बुझियो' महानिर्देशक बुढा भन्छन्, 'दक्ष जनशक्ति नपाइँदा त्यसलाई चलाउन सकिएन ।' तर, यस्तो यान्त्रिक प्रणाली स्थापना हुँदा भन्सार पद्धति पारदर्शी हुनपुग्ने हुँदा हालका धेरै कर्मचारीलाई यो स्थापनामा रुचि नभएको पनि हुनसक्छ ।

तर, विभागका भनाइमा नेपालमा एउटै कन्टेनरमा धेरै सामान आयात तथा निर्यात हुने कारणले पनि 'भेहिकल स्क्यानर' रामबाण नहुन सक्छ । 'भन्सार भनेको विश्वासमा चल्ने हो । हाम्रो प्रणाली विश्वासमा चलेको छ । तर भन्सारलाई पनि नियमन र निगरानी गर्ने निकायहरू छन्' महानिर्देशक बुढा भन्छन्, 'नियतै गलत गर्नेसँग त कानुनको पनि केही लाग्दैन ।' विभागले नयाँ भेहिकल स्क्यानर राख्न प्रक्रिया अघि बढाए पनि खरिद प्रक्रियाका जटिलताका कारण पूरा नभएको उनको भनाइ छ । प्रमुख नाकामा स्क्यानर राख्न खरिद थालेको र त्यसमा आफैं मेशिन खरिद गरेर निजी क्षेत्रलाई गर्न दिने कि निजी क्षेत्रबाट सेवा खरिद गर्ने भन्ने विषय टुंगिन बाँकी रहेको विभागको भनाइ छ ।

राजस्व अनुसन्धान विभागका भनाइमा भन्सारको गतिलो नियमन नभएका कारण धेरै चोरी पैठारी बरामद हुनेगर्छ । 'हामीले सुराकीका भरमा फेला परेका वस्तुहरूको अवस्था हेर्दा भन्सार खुल्लमखुल्ला छ' विभागका एक अधिकारी भन्छन्, 'भन्सारबाटै ट्रक छिराउनेदेखि ५ कन्टेनर छिर्दा एउटा मात्रै कन्टेनरको भन्सार जाँच गरेकोसम्म भेटियो ।' विभागले नयाँ भेहिकल स्क्यानर राख्न प्रक्रिया अघि बढाए पनि खरिद प्रक्रियाका जटिलताका कारण पूरा नभएको उनको भनाइ छ । प्रमुख नाकामा स्क्यानर राख्न खरिद थालेको र त्यसमा आफैं मेशिन खरिद गरेर निजी क्षेत्रलाई गर्न दिने कि निजी क्षेत्रबाट सेवा खरिद गर्ने भन्ने विषय टुंगिन बाँकी रहेको विभागको भनाइ छ ।

विभागका अनुसार, भन्सारमा त्रुटि गर्नेलाई राजस्वले गर्ने भन्दा ठूलो सजाय र कारबाही हुने प्रावधान छ तर विभागले राजस्वले समाते समातोस् भनेजस्तो गरी सहज गरेजस्तो देखिने राजस्वको आरोप छ । 'हामीले कुल छलीको सोही बराबर बिगो कायम गर्दै मुद्दा दर्ता गर्ने हो तर भन्सारले कुल छलीको ५०० प्रतिशतसम्म जरिवाना र अन्य सजाय गर्न सक्छ' राजस्व अनुसन्धान विभाग स्रोत भन्छ, 'भन्सारले पछिल्लो दुई वर्षमा मुश्किलले एक दुई वटा घटनामा मात्रै जरिवाना र कारबाही गरेको देखिन्छ ।' पूर्व अर्थ सचिव रामेश्वर खनाल समग्रमा भन्सार प्रणाली धेरै सुधारिएको भए पनि यसका निकायगत नेतृत्व गर्ने व्यक्तिका कारण भन्सार माथि प्रश्न उठ्ने गरेको बताउँछन् ।

*(स्रोत: अनलाइनखबर)*

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

Printer Shop
*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

# आज पीडा भए भोलि राम्रो हुने अनमोलको विश्वास



काठमाडौं/महान् वैज्ञानिक अल्बर्ट आइन्स्टाइनले कहीं भनेका थिए, 'यदि कुनै व्यक्ति कहिल्यै असफल भएको छैन भने त्यसको अर्थ उसले आफ्नो जीवनमा कहिले केही नयाँ गर्ने कोसिस नै गरेको छैन ।' यसैले असफलता जीवनको एउटा वास्तविकता हो, जसको सामना सबै मानिसले आफ्नो जीवनकालमा गर्नुपर्छ । यसबाट कोही भाग्न सक्दैन । 'मेगास्टार' कहलिएका अनमोल केसी पनि सकेनन् ।

उनले आफ्नो फिल्मी करिअरमा असफलता भन्ने कुरा उत्तिसाह्रो महसुस नै गरेका थिएनन् । उनको फ्लप भनिएका फिल्मले समेत डिजिटल राइट्स र ओभरसिज राइट्सबाट निर्माताको लगानी उठाएका थिए । यसैले उनलाई सफलताको मानक मानिन्थ्यो । तर, गत फागुन १९ गते प्रदर्शनमा आएको फिल्म 'छड्के २'ले उनलाई पहिलो पटक असफलताको वास्तविक स्वाद चखाइदिएको छ ।

फिल्मको घरेलू बजारमा यो हदसम्म विजोग भयो कि दर्शक नभएर प्राय: शो 'क्यान्सिल' नै भए । प्रदर्शनको एक हप्ता पनि नपुग्दै हलबाट उत्रियो । अनमोलका फिल्मले पहिलो पटक यो हविगत बेहोरेको हो । यति ठूलो असफलताले अनमोललाई मात्र झट्का दिएन, फिल्म इन्डस्ट्री नै स्तब्ध बन्यो । 'छड्के २' नचलेपछि अनमोलले आफू परिपक्व हुन नसकेको भन्दै स्वीकारोक्ति व्यक्त गरे ।

यतिबेला उनी फिल्म 'जेरी अन टप'का लागि तयारी गरिरहेका छन् । फिल्मको टिमसँग पोखरा पुगेका उनले बिहीबार इन्स्टाग्राममा 'छड्के २'को असफलता प्रति इंकित गर्दै आशावादी भावमा लेखेका छन्, 'कहिले काहीँ आजको दिन केही पीडादायी हुनसक्छ र भोलिको दिन केही राम्रो हुनसक्छ ।' अनमोलले आज आफू पीडामा भए पनि भोलि राम्रो हुने आशय व्यक्त गरेको बुझ्न सकिन्छ ।

# 'जय हो'को निर्माण घोषणा, भदौ ८ मा प्रदर्शन हुने




काठमाडौं/टेक पौरखी राईको निर्देशनमा बन्न लागेको फिल्म 'जय हो'को औपचारिक रुपमा घोषणा गरिएको छ । बिहीबार साँझ काठमाडौंमा आयोजित एक कार्यक्रमका बीच फिल्मको निर्माण घोषणा गर्दै आगामी भदौ ८ गतेलाई प्रदर्शन मिति पनि घोषणा गरियो । आगामी चैत्र ५ गते (आइतबार)देखि छायांकनमा निस्कने फिल्मलाई मुस्ताङमा ९० प्रतिशत र तालनगरी पोखरामा १० प्रतिशत खिचिनेछ ।

सलोन सलिना फिल्म्सको ब्यानरमा बन्न लागेको फिल्ममा अर्पण थापा, सलोन बस्नेत, केकी अधिकारी, निशा अधिकारी, माओत्से गुरुङ, गणेश बुढाथोकी, दिपा शाक्य श्रेष्ठ, सुबि मगर, सुमिन गुरुङसँगै अतिथि कलाकारमा रोहित रुम्बा छन् । कमेडी, एक्सन र लभस्टोरीको मिश्रण रहने फिल्मको निर्मातामा राज के अधिकारी र सुरज सरकार रहेका छन् भने प्रस्तुतकर्ता शोभित बस्नेत हुन् ।

सौरभ लामाको छायांकन, सम्राट बस्नेतको द्वन्द्व, कविराज गहतराज र रामजी लमिछानेको कोरियोग्राफी, बनिष शाहको सम्पादन रहने फिल्मको मुख्य सहायक निर्देशकमा दिप्त प्रकाश अधिकारी, प्रोडक्सन म्यानेजरमा केबलमान सिङ बस्नेत र गणेश भण्डारी, निर्माण संयोजकमा सुभाष काफ्ले छन् । 'जय हो'मा सुरेश न्यौपानेको कथा, शम्भुजित बाँस्कोटा र सागर आले मगरको संगीत छ ।

फिल्मको घोषणा कार्यक्रममा सलोन बस्नेतले 'जय हो'बाट आफूले नयाँ यात्राको सुरुवात गर्न लागेको बताए । उनले भने, 'अब नयाँ तरिकाले काम गर्नुपर्छ भन्ने लागेको छ । मैले 'होस्टेल'मा काम गरेको पनि १० वर्ष भएछ । यो अवधिमा मैले जति पनि फिल्म गरेँ, त्यसबाट सिकेका कुरालाई जोडेर 'जय हो'बाट नयाँ यात्राको सुरुवात गर्ने सोचेको छु । हामी राम्रो फिल्म बनाउने कोसिसमा छौं ।'

# चैत्र ३ बाट सरेर 'टुल्की' जेठ १२ मा पुग्यो




काठमाडौं/बहुपति प्रथामा आधारित भएर निर्माण भएको फिल्म 'टुल्की'को प्रदर्शन मिति हेरफेर भएको छ । यही चैत ३ गतेलाई प्रदर्शन मिति घोषणा गरि एकोमा अब २ महिना पछाडि गर्दै आगामी जेठ १२ गतेबाट फिल्म प्रदर्शनमा आउने भएको छ । यो फिल्मले अघिल्लो वर्ष नेपाल ग्रामिण चलचित्र महोत्सव (नेरुफ)मा उत्कृष्ट फिचर फिल्म र 'स्क्रिनप्ले' गरी दुईवटा अवार्ड जित्न सफल भएको थियो ।

'द पाल्म ग्रुप'को ब्यानरमा निर्माण भएको फिल्मलाई हिमाली जिल्ला डोल्पामा छायांकन भएको हो । देवजङ्ग थापाद्वारा निर्देशित फिल्ममा सुशील अधिकारी र नमराज घिमिरेको छायांकन छ । शेखर लामाको प्रस्तुतिमा निर्माण भएको फिल्ममा आरपी कर्माचार्य र उजेली लामा निर्मातामा छन् । फिल्मको कथा लक्ष्मण सुनारले लेखेका हुन् भने पटकथा लेखन निर्माता शेखर लामा स्वयंको छ ।

तारा थापा 'किम्भे'को सम्पादन, संजिव सुब्बाको पार्शव संगीत, लिगेश भट्टराई तथा रमेश बुढाथोकीको कोरियोग्राफी रहेको फिल्ममा शिशिर वाङ्देल, स्वस्तिमा कार्की, सोफिया लिम्बु, नरेन्द्र तामाङ, शेखर लामा, सौजन सुब्बा, भक्तसिंह कठायत, सोम लामा, रत्नप्रसाद न्यौपाने लगायतको अभिनय छ । यो फिल्मलाई अभिनेत्री सुहाना थापाको त्रिनेत्रम डिस्ट्रिब्युसन कम्पनीले वितरण गर्नेछ ।

"तपाई हामी सबैको कुरा"

साझाकुरा

कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।

हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।

प्रकाशनको वर्षदेखि निरन्तर 'क' वर्गमा सूचिकृत

साझाकुरा राष्ट्रिय दैनिक

वेवसाइटमा संसारभरबाट पढ्न सकिनन्छ ।

www.sajhakuranews.com





हेटौंडा उपमहाननगरपालिका-७, स्थित तासिर बोर्डिङ स्कुलका विद्यार्थीहरुले एक दिवशीय विश्वकप छनौटमा नेपाल पुगेको खुशीयालीमा दीप प्रज्वलन गरेका छन् । क्रिकेटको राष्ट्रिय टिमले एक दिवशीय विश्वकप खेल्नका लागि स्थान सुनिश्चित गराई नेपाललाई विश्वमा चिनाउन महत्वपुर्ण सफलता प्राप्त गरेको भन्दै विद्यालयको व्यवस्थापन तथा विद्यार्थी आयुष श्रेष्ठको नेतृत्वमा 'क्यान आइकन'मा दीप प्रज्वलन गरिएको हो । बिहीवार किर्तिपुरस्थित क्रिकेट मैदानमा भएको खेलमा युएईलाई हराउँदै नेपाल तीन महिनापछि नामिबियामा हुने विश्वकप छनौटमा पुगेको थियो । *तस्बिर सौजन्य: आशा तिमल्सिना ।*

# सूचना प्रविधि मेलामा साइबर सुरक्षा सम्बन्धी सेमिनार

साझाकुरा संवाददाता

हेटौंडा, ३ चैत/हेटौंडामा शुरु भएको बागमती प्रदेश स्तरीय आइकन सूट क्यान इन्फोटेक २०२३ इन एशोसिएसन विथ एम बैंकको दोस्रो दिन साइबर सुरक्षा सम्बन्धी सेमिनार सम्पन्न भएको छ ।

कम्पयुटर एसोसिएसन मकवानपुरका अध्यक्ष शिव कुमार श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रममा मकवानपुरका स्थानीय तहका कर्मचारी, सहकारी संस्थाका आइटी शाखाका कर्मचारी सहित बिद्यालयका कम्प्युटर शिक्षक लगायतका ९० जनाको सहभागिता रहेको थियो ।

बिशेषगरि सहकारी, स्थानीय प्रशासन तथा बिद्यालयमा प्रयोग हुने सुचना प्रबिधिको सुरक्षित प्रयोगबारे जानकार हुनु जरुरी भएकोले इन्फोटेकमा यो सेमिनार आयोजना गरिएको कार्यक्रम संयोजक सम्प्रस पौडेलले बताए । सेमिनारमा नेपाल दुरसञ्चार प्राधिकरणका निर्देशक मिनप्रसाद अर्याल, एमबैंकका सञ्जय महासेठ तथा प्रबिन कुण्डलियालले साइबर सुरक्षाका बिषयमा प्रशिक्षण दिएका थिए ।

यस्तै इन्फोटेकको दोस्रो दिन रोबोटिक प्रतियोगितात्मक प्रर्दशनी पनि शुरु भएको छ । शुक्रबार यसको उद्घाटनपश्चात हेटौंडा उपमहानगरपालिकाका उपप्रमुख राजेश बानियाँ र हेटौंडा १४ नं का वडा अध्यक्षबीच रोबोट फुटबल प्रतियोगिता सञ्चालन भएको थियो ।

यस्तै अवलोकनकर्ता बिद्यार्थीहरुलाइ समेत रोबोट चलाउन प्रोत्साहन दिदाँ कार्यक्रमको रौनक समेत बढेको थियो । शुक्रबार नै शुरु भएको पब्जी टुर्नामेन्ट अनलाइन गेमिङ प्रतियोगितामा ५ वटा टिम बिजयी भएका छन् । टिम एमटिएफ, टिम डिटिएम, टिम एस वाइ बि जी, टिम फो लिस्ट र टिम बोस बिजयी भइ दोस्रो चरणमा प्रवेश गरेका हुन् । जम्मा १६ वटा टिमहरुबिच हुने प्रतिष्पर्धामा बाँकी टिमहरुको खेल शनिबार हुनेछ । रोबोटिक तथा पब्जी अनलाइन गेमिङ प्रतियोगिताका बिजयी टिमले प्रथमले २५ हजार , द्धितिय हुनेले १५ हजार र तृतीय हुनेले १० हजार नगद पुरस्कार प्राप्त गर्नेछन् ।

# शिक्षण छोडेर राजनीति गरेका यादव उपराष्ट्रपति

साझाकुरा संवाददाता

हेटौंडा, ३ चैत/किसान हुँदै शिक्षण पेशा गर्दागर्दै राजनीतिमा होमिएका रामसहायप्रसाद यादव देशको उपराष्ट्रपति बनेका छन् ।



तेस्रो उपराष्ट्रपतिको रुपमा जसपाका यादव शुक्रबार निर्वाचनबाट विजयी भएका हुन् । उनी ४ मंसिरमा भएको निर्वाचनमा बाराबाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएका थिए । जसपाले उनलाई उपराष्ट्रपति बनाएर उपचुनावबाट नेता उपेन्द्र यादवलाई संसद छिराउने रणनीति लिएको छ । यादव उपराष्ट्रि बनेपछि बारामा उपनिर्वाचन हुनेछ । उपेन्द्रले सिरहाबाट सिको राउतसँग चुनाव हारेका थिए । शुक्रबार भएको चुनावमा एमाले उम्मेदवार अष्टलक्ष्मी शाक्य र जनमतकी उम्मेदवार ममता झालाई पराजित गर्दै यादव उपराष्ट्रपति बनेका हुन् ।

उनले संघीय सांसदको १ सय ८४ मतको १४ हजार ५ सय ३६ मतभार र प्रदेश सांसदको ३ सय २९ मतको १५ हजार ७ सय ९२ मतभार पाएका छन् । उनले पाएको कुल मतभार ३० हजार ३ सय २८ छ । प्रतिद्वन्द्वी शाक्यले प्रदेशसभाका १ सय ६९ मत पाइन् भने उनलाई संघीय संसदका १ सय ४ जना सांसदले मत दिएका थिए । ममता झाले प्रदेशका १५ र संघीय संसदका २३ सांसदको मत पाइन् । उम्मेदवारी निष्क्रिय भएको घोषणाा गरेकी प्रमिला यादवले १ जना प्रदेश सांसदको मत पाइन् । उनलाई संघीय सांसदले भने मत दिएनन् ।

निर्वाचित यादवलाई सत्ता गठबन्धनका कांग्रेस, माओवादी केन्द्र, नेकपा एस, जसपा र स्वतन्त्र सांसदको समर्थन थियो । सत्ता गठबन्धनमै रहेका जनमत, लोसपा, नागरिक उन्मुक्ति र राष्ट्रिय स्वतन्त्र पार्टीले भने जनमतकी झालाई समर्थन गरेका थिए । उपराष्ट्रपति निर्वाचित हुने यादव दोस्रो मधेसी समुदायका हुन् । यसअघि मधेसी समुदायबाट २०६५ मा परमानन्द झा पहिलो उपराष्ट्रपति बनेका थिए । यादव र उनको परिवार सामान्य जीवनयापन गर्दै आइरहेको छ । बाराको सिम्रौनगढ बसवरियामा उनकी श्रीमतीले गाईपालन गरिरहेकी छिन् । यादव भने काठमाडौंमा छोराहरुको डेरामा बस्दै आएका छन् ।

२०७८ सालमा उनी वन तथा वातावरणमन्त्री बनेका थिए । आफू एकदिन उपराष्ट्रपति बन्छु भन्ने कहिल्यै नसोचेको बताए । आफ्नो सामान्य किसान परिवार रहेको र आफू पनि हलो जोतेर नै हुर्किएकोले यति ठूलो सोच नराखेको बताए । यादवले २०४३ सालमा बाराको कांकाली माविबाट एसएलसी उत्तीर्ण गरेका हुन् । त्यसपछि उनी थप अध्ययनका लागि भारत गएका थिए । भरतको सीतामढी कलेजबाट बीएस्सी गरेर वीरगन्जबाट बीएडको अध्ययन पूरा गरेको यादवको भनाई छ । विज्ञान र गणितमा अब्बल रहेका उनी २०४८ सालमा अस्थायी शिक्षको रुपमा स्थानीय पन्नादेवी कन्या माविमा काम थालेका थिए ।

१२ वर्षसम्म उनले अस्थायी शिक्षक भएर पढाएका थिए । यादवले २०६० सालमा स्थायी शिक्षकमा नाम निकालेका थिए । शिक्षणा पेशा गर्दागर्दै राजनीतिमा प्रवेश गरेका थिए । २०६४ मा आएर उनले शिक्षकबाट राजीनामा दिएका थिए । राजीनामा दिनुको कारण भने पहिलो संविधानसभाको निर्वाचनमा उनी समानुपातिक उम्मेदवार थिए । उनको भूमिगत नाम चन्द्रगुप्त थियो । शिक्षक रामसहाय यादव नै चन्द्रगुप्त हुन् भन्ने कसैलाई थाहै नभएको उनी सुनाउँछन् । परिवारलाई समेत आफूले नभनेको उनले बताए । तत्कालीन फोरम पार्टीमा लागेपछि यादवले उपेन्द्र यादवको पनि साथ छोडेनन् । पार्टी टुटफुट हुँदा पनि यादवको साथ उनले नछोडेकै कारण उपराष्ट्रपतिसम्म बनायो ।

# हेटौंडामा आजदेखि अन्तरपालिका फुटबल

साझाकुरा संवाददाता

हेटौंडा, ३ चैत/हेटौंडा उपमहानगरपालिकामा दोस्रो अन्तर पालिका जिल्लास्तरीय फुटबल प्रतियोगिता आज शनिवारदेखि सुरु हुँदैछ ।

हेटौंडा उपमहानगरपालिका वडा नम्बर -५, पिप्लेस्थित क्याम्पा रंगशालामा सुरु हुने अन्तरपालिका जिल्लास्तरीय फुटबल प्रतियोगिता ११ चैतसम्म हुनेछ । आयोजक मकवानपुर जिल्ला खेलकुद विकास समितिले यसअघि नै खेल तालिका सार्वजनिक गरिसकेको छ । प्रतियोगिताअन्तर्गत् आज शनिवार उद्घाटन खेलमा कैलाश गाउँपालिका र भीमफेदी गाउँपालिकाबीच प्रतिस्पर्धा हुँदैछ । खेल दिउँसो २ बजे सुरु हुनेछ । चैत ५ गते आइतबार हेटौंडा उपमहानगरपालिका र बकैया गाउँपालिकाबीच र राक्सिराङ गाउँपालिका र थाहा नगरपालिकाबीच प्रतिस्पर्धा हुनेछ । चैत ६ गते मकवानपुरगढी र इन्द्रसरोवर बिच प्रतिस्पर्धा हुनेछ ।

प्रतियोगितामा चैत्र ४ गतेको बिजेतसँग मनहरीले र चैत्र ५ गते हुने राक्सिराङ र थाहा बिचको बिजेतासँग बागमतीले खेल्ने छ । मनहरी र बागमतीले खेलतालिका अनुसार 'बाइ' पाएका छन् । प्रतियोगिताको सेमिफाइनल खेल चैत ८ गते र चैत ९ गते हुनेछ भने फाइनल खेल चैत ११ गते हुनेछ । प्रतियोगिताको विजेता टिमले नगद २ लाख रुपैयाँसहित ट्रफी प्राप्त गर्नेछ । यस्तै उपविजेताले नगद १ लाख रुपैयाँ प्राप्त गर्नेछ ।

प्रतियोगिताको उत्कृष्ट खेलाडीले नगद १० हजार रुपैयाँ प्राप्त गर्ने मकवानपुर जिल्ला खेलकुद विकास समितिका अध्यक्ष भेष खड्गीले जानकारी दिए । मकवानपुरका १० वटै स्थानीय तहको सहभागिता रहने प्रतियोगितामा प्रवेश निःशुल्क गराइने बताइएको छ । प्रतियोगितामा सहभागी हुन ३० वर्ष मुनिको सम्बन्धित पालिकाको खेलाडी हुनुपर्ने र विभागिय टोली वा ए डिभिजन खेलेका खेलाडीहरु समावेस गर्न नपाइने आयोजक खेलकुद विकास समितिले जानकारी दिएको छ ।

# बागमतीमा तामाङ र नेवारी भाषा कामकाजको बनाउन ऐन बनाइने

साझाकुरा संवाददाता

हेटौंडा, ३ चैत/बागमती प्रदेशभित्र सरकारी कामकाजको भाषा नेपालीसँगै तामाङ र नेवारी (नेपाल भाषा) कार्यान्वयन गर्न एक महिनाभित्र ऐन निर्माण गरिने भएको छ ।



शुक्रबार मुख्यमन्त्री शालिकराम जम्कट्टेलको उपस्थितिमा काठमाडौंमा बसेको तामाङ/नेवारी (नेपाल भाषा) कार्यान्वय तयारी सम्बन्धि समितिको बैठकले उक्त निर्णय गरेको हो । अब छिट्टै ऐन निर्माण गरेर कार्यान्वयमा लगिने मुख्यमन्त्री जम्कट्टेलले बताए । 'बहुसंख्यक तामाङ र नेवार समुदायको बसोबास रहेको बागमती प्रदेशमा आमनागरिकलाई सरकारी कामकाजमा थप सहजता होस् भनेर भाषा सम्बन्धि ऐन ल्याउन लागेका हौं', उनले भने । एक महिनाभित्र ऐन निर्माण गरेर आउँदो नयाँ वर्ष ( वैशाख महिना) भित्र संसदमा पेश गरिने समितिका अध्यक्ष तथा सामाजिक विकास मन्त्री कुमारी मोक्तानले बताइन् ।

एक महिनाअघि सामाजिक विकास मन्त्री मोक्तानको अध्यक्षतामा उक्त समिति बनेको थियो । समितिमा श्रम रोजगार तथा यातायात मन्त्री एकालाल श्रेष्ठसँगै दुई विज्ञ सदस्य डा. गणेश योन्जन र ओमकार्यश्वर श्रेष्ठ सदस्य रहेका थिए । बागमती तामाङ र नेवार समुदायको बाहुल्यता रहेको प्रदेश हो । बागमतीमा तामाङ र नेवारी भाषालाई बोलीचाली र सर कारी कामकाजको प्रचलनमा ल्याउने निर्णय भने राजेन्द्र प्रसाद पाण्डे नेतृत्वको निवर्तमान सरकारले गरेको थियो । उक्त सरकारमा हालका मुख्यमन्त्री जम्कट्टेल आर्थिक मामिला तथा योजनामन्त्री थिए ।

बागमती प्रदेश सरकारले गत भदौमा मन्त्रिपरिषद् बैठकबाट प्रदेशका १३ वटै जिल्लामा तामाङ र नेवारी भाषलाई सरकारी कामकाजमा प्रचलनमा ल्याउने प्रक्रिया अगाडि बढाउने निर्णय गरेको हो । त्यतिबेला निर्णय भए पनि ऐन निर्माणको प्रक्रिया भने अगाडि बढ्न सकेको थिएन् । यसअघि सरकारी कामकाजमा नेपाली मातृ भाषमात्रै प्रयोगमा आइरहेको थियो ।

# बागमती सरकारले क्रिकेट टोलीलाई जनही एक लाख दिने

साझाकुरा संवाददाता

हेटौंडा, ३ चैत/नेपालले आईसीसी विश्वकप लिग-२ त्रिकोणात्मक ओडीआई सिरिजमा युएईलाई हराएर विश्वकप छनौटमा पुगेपछि बागमती सरकारले पुरस्कार घोषणा गरेको छ ।

नेपालले आगामी जुन/जुलाईमा जिम्बावेमा हुने एक दिवसीय विश्वकप छनौटमा सिधैं स्थान बनाएको भन्दै बागमती सरकारले प्रतिखेलाडी १ लाख पुरस्कार दिने निर्णय गरेको हो । बिहीवार किर्तिपुरस्थित क्रिकेट मैदानमा भएको खेलमा युएईको ३ सय ११ रनको विशाल लक्ष्य पछ्याएको नेपालले ४४ ओभरमा ६ विकेट गुमाउँदै २ सय ६९ रन बनाउँदा खेल रोकिएको थियो । ब्याड लाइटको कारण खेल डकवर्थ लेविस पद्धतिको आधारमा नेपालले जितेको हो । अम्पायरले खेल रोक्दै बेल झारेका थिए ।

क्रिकेट खेलाडीहरुले देशलाई चिनाउने काम गरेको भन्दै बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले प्रदेश सरकारको तर्फबाट शुक्रबार खेलाडीहरुलाई जनही एक लाख दिने घोषणा गरेका हुन् । 'खेलाडीको सम्मान र हौसालाको लागि बागमती प्रदेश सरकारले राष्ट्रिय क्रिकेट टिमका प्रत्येक खेलाडीलाई जनही एक लाख दिने भएका छौं', उनले भने । बागमती प्रदेशका खेलाडीहरु समेत सम्मिलित उक्त टिमलाई जितको लागि बधाई दिँदै मुख्यमन्त्री जम्कट्टेलले थप प्रगति र सफलताको लागि शुभकामना दिए ।

# सामाजिक अभियान सञ्जालको अध्यक्षमा लामा

साझाकुरा संवाददाता

हेटौंडा, ३ चैत/हेटौंडा उपमहानगरपालिका-४ मा रहेका विभिन्न गैरसरकारी संस्थाहरुको भेलाले सामाजिक अभियान सञ्जाल गठन गरेको छ ।

भेलाले माइती नेपालकी माया लामाको अध्यक्षतामा १३ सदस्यीय सञ्जाल गठन गरेको हो । सञ्जालको सचिवमा जेरोम घले (नारी संरक्षण केन्द्र), कोषाध्यक्षमा कमला सुवेदी (मकवानपुर महिला समूह), सदस्यहरुमा अर्जुन खड्का (सिडियो नेपाल), सकुन्तला पौडेल (कोसिस नेपाल), राजु सुवेदी (मकवापुर पोजेटिभ समूह), सरु विक (महिला तथा बालवालिका सरोकार केन्द्र), बुद्ध लामा (ईस्थर ब्यान्जमिन), कुमारी वाईवा (हिमराईट्स, मकवानपुर), शान्ता बराल, शर्मिला श्रेष्ठ (उज्ज्वल भविष्य), दुर्गा घोरसाईनी (आश्रय नेपाल), राधिका चौलागाई (महिला जागरण समूह) रहेका छन् ।

सञ्जालको सल्लाहकारमा आरती पाठक (अस्मिता नेपाल), सरस्वती बर्तौला (नारी सीप सृजना केन्द्र) र किरण थापा (ब्लु डाईमन सोसाईटी) रहेको ४ नम्बर वडा कार्यालयका सचिव टिका कंडेलले बताए ।

भेलालाई सम्बोधन गर्दै ४ नम्बर वडाका वडा अध्यक्ष नवीन सिग्देलले भौतिक विकाससँगै सामाजिक र मानवीय विकासलाई प्राथमिकता दिनुपर्ने बताए । उनले सामाजिक विकृति, विसंगति, कुरिती, कुसंस्कार, अन्धविश्वास, हिंसा, विभेद र असमानताविरुद्ध सामाजिक अभियान सञ्चालन गर्नुपर्नेमा जोड दिए ।


**पालुङ्ग बहुउद्देश्यीय सहकारी सस्था लि.**
**PALUNG MULTIPURPOSE CO-OPERATIVE SOCIETY LTD**
**पालुङ, मकवानपुर**
**Palung, Makawanpur**

**तपशिलका ऋणीलाई कर्जा भुक्तानी गर्ने ३५ दिने सार्वजनिक सूचना**

*प्रकाशित मिति : २०७९/१२/०४*

यस सहकारी संस्थाबाट तपशिलका ऋणीहरुलाई तपशिलमा उल्लेख भए बमोजिमको कर्जा सम्झौताको शर्त तथा तालिकाअनुसार बुझाउनु पर्ने सावा ब्याज रकम संस्थाले बारम्बार मौखिक, लिखित तथा अन्य स्रोत साधनहरुबाट अनुरोध गरी पटक-पटक म्याद दिँदा समेत रकम भुक्तानी गर्न नआएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतीस दिन) भित्र सम्पूर्ण ऋण रकम (सावाँ, ब्याज र हर्जाना आदि समेत ) चुक्ता भुक्तानी गर्न आउनु हुन यो सूचना प्रकाशित गरिएको छ । अन्यथा कर्जा सम्वन्धि सम्झौताका शर्त, लिखत तथा प्रचलित नेपालको कानून बमोजिम कर्जा असूल्ने क्रममा तपाईले धितो बन्धक स्वरुप यस संस्थामा सुरक्षण राखिदिएको तपशिल बमोजिमको सम्पत्ति बेचविखन गरी कर्जा रकम असुलउपर गरी लिइनेछ । सोबाट समेत असुलउपर हुनु पर्ने सम्पूर्ण रकम असुलउपर हुननसकेमा प्रचलित कानून अनुसार तपाई ऋणीको अन्य चलअचल सम्पत्ति, जायजेथा समेतबाट संस्थाले आफ्नो लेना रकम असुलउपर गरि लिनेछ । उपरोक्त कारवाहीको सिलसिलामा लाग्ने सम्पूर्ण खर्च समेत तपाई ऋणीबाट नै भराई लिईनेछ । तपाई ऋणीबाट सम्पूर्ण रकम असुलउपर नभएको खण्डमा ऋणीको कर्जा रकमको सुरक्षण वापत जमानी बसीदिने व्यक्तिले व्यहोर्नु पर्ने हुनाले यसै सूचनालाई आधार मानी बाँकी ऋण रकम भुक्तानी गर्न आउनु होला । अन्यथा सोहीअनुसार भै जाने व्यहोरा समेत सबै पक्षलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ ।


**तपसिल**

| क्र.सं | ऋणीको तिनपुस्ते विवरण | फोटो | धितोको विवरण |
|---|---|---|---|
| १ | **नाम :** कान्छो कार्की<br>बाबुको नाम : बम बहादुर कार्की<br>बाजेको नाम : बद्री बहादुर कार्की<br>ना.प्र.प.नं. ३७०<br>जारी मिति: २०५१/०५/१४<br>ठेगाना:: दामन ५, मकवानपुर<br>**व्यक्तिगत मन्जुरी दिने**<br>नाम: कल्पना कार्की<br>बाबुको नाम: गणेश बहादुर खतिवडा<br>पतिको नाम: कान्छो कार्की<br>ना.प्र.प.नं. ३१३०३७/२२<br>जारी मिति: २०६३/१०/०९<br>ठेगाना: दामन ५, मकवानपुर | <br> | कान्छो कार्कीको नाउँमा मालपोत कार्यालय शिखरकोटमादर्ता लगतमाश्रेस्ताकायम रहेको मकवानपुर जिल्ला शिखरकोटगा.वि.स वार्ड नं ३ स्थित कि.नं. १७७९ को क्षेत्रफल३-०-०-०को जग्गा ।<br>यातायात व्यवस्था कार्यालय नारायणी बिरगञ्ज पर्सामा दर्ता वहाल रहेको यस सँस्थाको नाममा कान्छो कार्की ऋणी रहने गरि नामसारी भएको ना.२.ख. ९६१५ को भाडा ट्रक ।<br>Engine Number: 40G62342251<br>Chasis Number: 388050GVZ122914 |



**कपडाहरुको धुलाई र ड्राई क्लिनको लागि सम्झनुहोस्**

कोट, पाइन्ट, सर्ट, तन्ना, साडी, ज्याकेट, ब्ल्याङ्केट सामान्य प्रयोगका कपडाहरुको आधुनिक प्रविधिबाट धुलाई तथा ड्राई क्लिनका लागि सधैं सम्झनुहोस् ।





*कार्पेट तथा शोफाको खोलहरु घरमै गएर धोइन्छ ।*

प्रो. अमिता चौधरी

**मेरिना ड्राई क्लिनिङ्ग स्पोट**

नगरविकास रोड, हेटौंडा-४, हुप्रचौर
(निर्माण व्यवसायी संघको अगाडि)
सम्पर्क नं.: ९८४५१२६११२



*Education is the real treasure*

**ADMISSIONS OPEN FOR 2080**

From Nursery to Grade 9

**Scholarships**
*a feature of socially resposible institution ....*

Madhav Raj Sumargi Memorial Scholarship based on
Entrance Tests 189+Seats

Rup Chandra Bista "Thaha" Memorial Scholarship based on
Students' Talent 108+Seats

Bishwakanti Kalawati Sumargi Scholarship based on
Students' Rank 39+Seats

APPLY NOW www.admission.hetaudaacademy.edu.np

**HETAUDA ACADEMY**
RESIDENTIAL SECONDARY SCHOOL
Shahid Smarak, Hetauda-11, Makawanpur, Nepal
☎057-525548 ☎057-525547 ☎057-523547



**खुल्दैछ ! खुल्दैछ ! खुल्दैछ !**

(उत्तराखण्ड चारधाम)

**बद्रीनाथ केदारनाथ तिर्थयात्राको लागि २०८० बैशाख ०७ गतेबाट बिभिन्न मितिमा रिजर्भ बस खुल्दैछ ।**

**दर्शनीय स्थानहरू** :- महेन्द्रनगर, हरिद्वार, ऋषीकेश, फुलछट्टी, एमनोत्री (पहिलो धाम) ६ कि.मी. पैदल यात्रा, उत्तर काँशी, गंगनानी, गंगोत्री (दोश्रो धाम) रूद्र प्रयाग, गुप्तकाँशी, गौरीकुण्ड, केदारनाथ (तेश्रो धाम) १४ कि.मी. पैदल यात्रा (जोशी मठ) बद्रीनाथ, (चौथो धाम) ब्रम्हकपाली गरी १७ देखी १८ दिनमा नेपाल आईपुग्नेछ ।

भाडा प्रति यात्री ने.रु. ३०००५/- लाग्ने छ (बिहान बेलुकी खाना सहित ) नोट:- रिक्सा टाङ्गा, धर्मशाला, अन्य खर्च यात्रु स्वयंले बेहर्नुपर्नेछ ।


सम्पर्क:-
**गोपाल थापा, हेटौंडा बसपार्क**
मोवाईल नं. : ९८४५२९७६८१ घण्टी बाजे मनरवा, बारा,
मोवाईल नं. ९८४५८०८४०२



*"सुनमा शुद्धता डिजाइनमा आधुनिकता"*

**आधुनिक सुन चाँदी पसल**

हेटौंडा-२, पुरानो मकवानपुर रोड



हामीकहाँ आधुनिक डिजाइनका गर गहना बनाउनुका साथै खरिद बिक्री गरिन्छ ।

**प्रो. राजु सेन्चुरी**

सम्पर्क नं. : ९८४५५३०५६३, ९८१५२२४३४३


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना